'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**चोछें छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
चोछें, भक्तपुर-६, ०१-६६१९१९६, Email: ccgsacos07@gmail.com
**१९ औं वार्षिक साधारणसभा सम्बन्धी जानकारी**
**कार्यक्रम**
**मिति** : २०८३/०६/१८ गते, आइतबार
**स्थान** : महाकाली पीठ, महाकालीस्थान, भक्तपुर-६
**समय** : बिहान ११:०० बजे
**हाजिरी** : बिहान १० बजेदेखि कार्यक्रम अवधिभर ।
**पुनश्च :**
➢ २०८३ असार मसान्तसम्म नियमित बचत नगर्ने सदस्य र बाल बचतकर्ताहरू र ऋणको सावाँ ब्याज नियमित नगर्ने सदस्यहरूलाई संस्थाले प्रदान गर्ने खाजा खर्च वितरण गरिनेछैन ।
➢ साधारणसभामा भाग लिन अनिवार्य रूपमा पासबुक वा संस्थाले प्रदान गरेको परिचयपत्र लिएर स्वयम् उपस्थित हुन अनुरोध छ । अन्यथा संस्थाले प्रदान गर्ने खाजा खर्च प्रदान गर्न असमर्थ हुनेछौं ।

★ वर्ष : २८ ★ अङ्क : २५४ ★ ने. सं. ११४६ ञला गा, अष्टमी ★ आइतबार ★ १८ असोज, २०८३ ★ October 4, 2026, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# "जनता सचेत नभई पुरानो राज्य व्यवस्था खारेज हुँदैन"



सुर्खेत, १७ असोज । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले शनिबार वीरेन्द्रनगरमा नेपाल मजदुर किसान पार्टीको दोस्रो नगर सम्मेलनको उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा सचिव सुवालले भन्नुभयो, "राजनीति सबै नीतिको मुख्य नीति हो । यस अर्थमा मजदुर, किसान, युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, कर्मचारी सबै राजनीतिमा लाग्नु स्वाभाविक हुन्छ । शासक दलहरूले शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थीलाई राजनीतिमा लाग्नु हुँदैन भन्नु देशलाई भ्रष्टाचार र पक्षपातमा लानु भन्नु हो । देश र जनताको निःस्वार्थ सेवा हुने राजनीतिमा शिक्षक, कर्मचारी, प्राध्यापक, विद्यार्थी सबै लाग्नु जरूरी हुन्छ ।"

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू पार्टीको विधान र अनुशासनलाई पालना गर्ने अडानमा दृढ भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेसम्मका शासक पार्टी र तिनका नेताहरूले सर्वसाधारण जनतालाई झुटा आश्वासन दिई पालेपालो सरकार चलाउँदै आएको हो । नेमकिपा नै नेपालको देशभक्त पार्टी हो ।"

सचिव सुवालले भन्नुभयो, "नेका, एमाले, माओवादी (हाल नेकपा) का नेताहरूकै असफलताको कारण गत वर्ष भदौ २३ र २४ गते उपद्रो गर्नेहरूलाई मौका मिलेको हो । नेपालका बहुमत जनतालाई यो यथार्थबारे सचेत र सङ्गठित पार्न नसकिएसम्म आमूल परिवर्तन आउनेछैन । अर्थात् जनता सचेत नभई पुरानो राज्य व्यवस्था खारेज हुँदैन ।"

नेमकिपा कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईंले दसैँजस्तो सांस्कृतिक पर्वलाई जनताको चेतनास्तर उठाउन सिर्जनात्मक र रचनात्मक उपयोग गर्नुपर्छ भन्नुभयो ।

कर्णालीमा नेमकिपाको सक्रियता र जनसमर्थनबाट अत्तालिएका पञ्चायत र प्रजातान्त्रिक एवम् कथित वामपन्थी शक्तिहरूले नेमकिपाका कार्यकर्ताहरूलाई जेलनेल र यातना दिएको बताउँदै संयोजक गोसाईंले नेपालको अर्थतन्त्रको लागि भारतीय एकाधिकार पुँजी बाधक छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सल्लाहकार नर्मा गुरूङले महिलाहरूलाई राजनीतिक रूपमा बुझाउन सके समाज अगाडि बढ्न सहज हुने बताउँदै धनी परिवारमा जन्मिएको भए पनि फिडेल क्यास्ट्रोले कामदार जनताको निम्ति सङ्घर्ष गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले नवउदारवादी प्रभावबाट जोगिन वर्गसङ्घर्ष उठाउनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले कामदार जनतालाई वैचारिक रूपमा बुझाउन सके जनताको सहयोग र समर्थन प्राप्त हुन्छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले महिला हिंसा गर्ने पीडकलाई कारबाही गर्न र पीडितलाई न्याय दिन शासकहरूले चासो दिएका छैनन् भन्नुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर सम्मेलन तयारी समितिका संयोजक शेरबहादुर शाहीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा हरिबहादुर बोहरा, धनेन्द्र बिक, गणेश खड्का, रामप्रसाद तिमिल्सिना, मनबहादुर बिक, रमा गिरि, बिजुकला रोकाया, छत्रिका बिक, कल्पना सिजापति, यमुना सुनार, सर्मिला बिक, हस्त गुरूङ र अङ्गबहादुर शाहीले शुभकामना मन्तव्य तथा गीत नृत्य प्रस्तुत गर्नुभयो ।

# सहकारीले नाफा कमाउनेभन्दा साझा हितलाई ध्यान दिनुपर्ने



भक्तपुर, १७ असोज । गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को १९ औं साधारणसभा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ब्रह्मायणी पार्टी प्यालेसमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले बढी ब्याजको लोभमा अपरिचित व्यक्तिले सञ्चालन गरेको सहकारीमा पैसा राख्न नहुने बताउँदै सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीमम्मूलक तालिमहरू सञ्चालन, विद्यार्थी र युवाहरूको हितमा शैक्षिक ऋण तथा युवा उद्यमशीलता ऋण प्रदान र ज्येष्ठ नागरिकको लागि आदर निकेतन सञ्चालनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले सहकारीले नाफा कमाउनेभन्दा साझा हितलाई ध्यान दिएर कृषि उत्पादन र अन्य उत्पादनमूलक क्षेत्रमा पुँजी लगानी गर्नुपर्ने बताउनुभयो ।

नयाँ पुस्तालाई शिक्षासँगै राम्रो संस्कार सिकाउनुपर्ने, जतिसुकै सम्पत्ति भए पनि संस्कार सिकाउन सकेन भने क्षणभरमा समाप्त हुनसक्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले राम्रो बीउ भएमात्र फसल पनि राम्रो हुने बताउँदै सदस्यको बचत रकम हिनामिना नगरी सफल कार्य गरेकोमा धन्यवाद दिनुभयो । उहाँले नयाँ नेतृत्वले विगतको राम्रो कामको अनुसरण गरी सुधार गर्नुपर्ने कर्मचारी क्षमता अभिवृद्धि गर्नुपर्ने बताउनुभयो ।

उहाँले बालबालिका विद्यालय पठाउँदा जसरी हेरचाह गर्नुपर्ने हो सहकारीमा पनि हेरचाह गरी सदस्यहरूको विश्वास लिन सके झन् प्रगति हुने बताउनुभयो । उहाँले ज्येष्ठ सदस्यहरूको अनुभवले समाज र परिवार राम्रो बनेजस्तै सहकारीमा पनि नयाँ पुस्तालाई अगाडि सारेर शिक्षित समाज बनाउनुपर्ने बताउनुभयो ।

उहाँले सबै पैसासँग मात्र तुलना गर्ने, अंशबन्डा गर्दा आमाबुबालाई सम्पत्ति राखेमात्र हेर्ने नत्र नहेर्ने गरेकोमा छोराछोरीहरूलाई हुर्काउँदा भएको दुःखकष्ट भुलेर जाने हुँदा नयाँ पुस्तालाई संस्कार सिकाउन विभिन्न देश भ्रमण गरी रहेको बताउनुभयो । उहाँले सहकारीबाट इमानदारीपूर्वक विभिन्न कार्यक्रम तथा काम गर्नुपर्ने बताउँदै साझा अभ्यास गरी

बाँकी पृष्ठ ३ मा

# सङ्घर्ष नगरी कुनै उपलब्धि प्राप्त नहुने

भक्तपुर, १७ असोज । श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेड भनपा-८ को १९ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन शनिबार सम्पन्न भयो ।

कार्यक्रममा वाग्मती प्रदेशका सांसद् सुरेन्द्रराज गोसाईंले सहकारीमा पैसा राखेर मात्र खुसी हुन नसक्ने बताउँदै छरछिमेकसँग राम्रो सम्बन्ध राखेर आफ्नो जीवनलाई मानसिक रूपमा स्वस्थ राख्न सकिने धारणा व्यक्त गर्नुभयो ।

उहाँले सङ्घर्ष नगरी कुनै उपलब्धि प्राप्त नहुने कुरा नयाँ पुस्ताले बुझ्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "अग्रजहरूले आफ्नो व्यक्तिगत जीवनमा सङ्घर्ष गरेकोले समाज यो अवस्थामा पुगेको हो । अब नयाँ पुस्ताले पनि आफ्नो क्षमताअनुसारको योगदान दिएर समाजलाई योभन्दा अगाडि बढाउनुपर्छ ।"

उहाँले हालै भोटेकोसीमा आएको बाढीको स्मरण गर्दै आफू सबल भएकै बेलामा समाज विकासमा योगदान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले वर्तमान अवस्थामा छिमेकी सहकारीहरूबिच गतिविधि र समस्याहरू साटासाट गर्नुपर्ने सुझाव पनि सोही अवसरमा दिनुभयो ।

कार्यक्रममा भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले वडाका गतिविधि र कार्यक्रमहरूबारे प्रकाश पार्दै लिबाली क्षेत्रमा दुर्घटना न्यूनीकरणको लागि स्पीड बेकर राख्ने कार्य थालनी गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा भूगर्भविद् डा. सुवेगमान बिजुक्छेंले डिजिटल माध्यमको प्रयोग गरी नेपालमा हिमालको अवस्था, उचाइ तथा बाढी पहिरो र भूकम्पसम्बन्धी जानकारी दिनुभयो ।

उहाँले प्राकृतिक घटना निरन्तर भइरहने कुरा भएकोले त्यससँगै बाँच्न सिक्नेपर्नेमा जोड दिनुभयो । उहाँले भन्नभयो, "प्राकृतिक घटनाहरूलाई हामी रोक्न सक्दैनौं, तर त्यसको क्षतिलाई कम गर्न भने अवश्य सक्छौं ।"

उहाँले जमिनमुनि पानी जाने बाटो बन्द हुँदा सहरमा बाढी बढेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा वातावरणविद् डा. कमलराज गोसाईंले वातावरणको

बाँकी पृष्ठ ३ मा

# प्रविधिको विकाससँगै सामाजिक सञ्जालको सही र विवेकपूर्ण प्रयोग गर्न जोड

भक्तपुर, १७ असोज । नेपाल मजदुर किसान पार्टी काठमाडौं रामेछाप सम्पर्क समितिको आयोजनामा विजयादशमी, शुभदीपावली, नेपाल संवत् तथा छठ पर्वको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले चाडपर्वलाई भौतिकवादी दृष्टिकोणबाट बुझ्नुपर्ने बताउँदै चाडपर्वको सामाजिक तथा सांस्कृतिक महत्त्वलाई आत्मसात् गर्दै त्यसमा रहेका सकारात्मक पक्षहरूको संरक्षण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । विजयादशमी तथा शुभदीपावलीको समय घरघरमा अन्नबाली भित्र्याएर भण्डार भरिभराउ हुने समय भएकाले यो आफैँमा उत्सवको समय भएको उहाँले बताउनुभयो ।

चाडपर्वलाई मनोरञ्जन र परम्परागत रूपमा मात्र नहेरी समाज, संस्कृति र जीवनसँग जोडिएका सकारात्मक पक्षलाई बुझ्ने तथा नयाँ कुरा सिक्ने अवसरको रूपमा लिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा त्यसमा रहेका एल्गोरिदमले प्रयोगकर्तालाई भ्रमित तथा गलत सूचनातर्फ आकर्षित गर्नसक्ने भएकोले सामाजिक सञ्जालको प्रयोगमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । चाडपर्वलाई सिकाइको पर्वका रूपमा ग्रहण गर्दै नयाँ-नयाँ सिर्जनशील ज्ञान, सीप तथा क्षमताको विकास गर्नसमेत उहाँले जोड दिनुभयो । प्रविधिको विकाससँगै सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको सही र विवेकपूर्ण प्रयोग गर्न उहाँले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले मानव समाजको क्रमिक विकाससँगै वर्तमान समयमा नेपाली समाजले जलवायु परिवर्तन, युवा पलायनलगायतका बहुआयामिक चुनौतीहरूको सामना गरिरहेको बताउनुभयो ।

मानिसले प्रकृति नास गर्ने खालका बानी तथा गतिविधिहरूलाई रोक्नुपर्ने र जलवायु परिवर्तनका सम्बन्धमा सान्दर्भिक तथ्य तथा विषयवस्तुको अध्ययन गरी आवश्यक कदम चाल्नुपर्ने उहाँले बताउनुभयो ।

बाँकी पृष्ठ ३ मा

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १३५

**तत्कालीन प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ**

भदौ २३ गते प्रदर्शनकारीहरूले निषेधित क्षेत्र तोडी सङ्घीय संसद् भवन परिसरमा आइपुगेको केही समयपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले कर्फ्यु आदेश जारी गरिसकेपश्चात् दिउँसो १२:४० बजेको समयमा तत्कालीन प्रहरी प्रमुख आफैले "कर्फ्यु लागिसकेकोले आदेश माग गरी राख्नु नपर्ने आवश्यक बल प्रयोग गर्ने" प्रहरी सञ्चार सेटबाट डिउटीमा खटिएका प्रहरीहरूलाई निर्देशन दिएको नेपाल प्रहरी प्रधानकार्यालयबाट प्राप्त हुन आएको Time Line बाट पुष्टि हुन्छ ।

भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपर घटेका घटनामा सुरक्षा निकायबाट भएको अत्यधिक बल प्रयोगबाट १७ जना प्रदर्शनकारीहरूको त्यहीं दिन र १२ जनाको केही दिनपछि ज्यान गएको र सयौंको सङ्ख्यामा प्रहरी र प्रदर्शनकारीहरू घाइते हुन पुगेको यथार्थ हो । भदौ २३ गते भिड नियन्त्रणमा गैरघातक सामग्रीहरूको सङ्ख्यामा प्रशस्तै कमी, उपलब्ध गैरघातक सामग्रीहरू पनि प्रभावकारी नभएकोले प्रहरीले छिट्टै घातक हतियार प्रयोग गरेको देखिन्छ । गैरघातक हतियार र सामग्रीहरूको समयमा नै उचित भण्डारण (Stock) मा समेत प्रहरी प्रमुखले ध्यान दिएको देखिएन । यसकारण, भदौ २३ गते सङ्घीय संसद् परिसरमा खटिएका प्रहरी अधिकृत तथा जवानहरूले घातक (Lethal Weapon) प्रयोग गर्न बाध्य भइ अधिकांश निहत्था विद्यार्थी तथा युवा प्रदर्शनकारीहरूको हताहत र घाइतेहरूको सङ्ख्या बढ्न गयो ।

बाँकी पृष्ठ ३ मा



प्रज्ञा प्रतिष्ठानमा भइरहेको बृहत् पुस्तक प्रदर्शनमा शनिबार अवलोकन गर्दै ।

*तस्बिर : मजदुर दैनिक*

# भनपा २ मा मिठाइ तालिम सम्पन्न

भक्तपुर, १७ असोज । भनपा वडा नं. २ को आयोजनामा महिला दिदीबहिनीहरू लक्षित गरी एकदिने मिठाइ बनाउने तालिम सम्पन्न भयो ।

तालिममा वडा सदस्य मन्जुमैया लाखाजुले भनपाले युवालक्षित गरी विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिनुका साथै युवा रोजगार प्रवर्द्धन गर्न युवा उद्यमशील ऋण दिइरहेको चर्चा गर्नुभयो । उहाँले महिला दिदीबहिनीहरू लक्षित गरी विभिन्न प्रकारका मिठाइका परिकार बनाउने तालिम सञ्चालन गरेको बताउँदै तालिमबाट सिकेका सीप व्यवहारमा लागू गर्न आग्रह गर्नुभयो ।

प्रशिक्षक विकास उप्रेतीले महिलाहरू उत्साहित भएर तालिममा अधिक सहभागी भएको सकारात्मक रहेको चर्चा गर्नुभयो ।

तालिममा जलेबी, लालमन, बर्फी, लाखामरी, लड्डु, निम्कीलगायतका मिठाइका परिकार बनाउने सीप र ज्ञानको प्रयोगात्मक कक्षा सञ्चालन गरिएको थियो । तालिममा सहभागी महिलाहरूले प्रशिक्षकको प्रत्यक्ष निगरानी र निर्देशनमा प्राप्त सीपहरूबाट ती मिठाइका परिकार बनाएका थिए ।

# सबै सहकारीलाई एउटै डालोमा हालेर हेर्न नहुने



भक्तपुर, १७ असोज । इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औँ वार्षिक साधारणसभा संस्थाका ज्येष्ठ सदस्य लक्ष्मीदेवी शिल्पकारले पानसमा बत्ती बालेर औपचारिक रूपमा उद्घाटन गर्नुभयो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष हरिबल्लले सहकारी क्षेत्रको नियमन र वर्तमान आर्थिक अवस्थाबारे टिप्पणी गर्दै सबै सहकारी संस्थालाई एउटै दृष्टिकोणबाट हेर्न नहुने स्पष्ट पार्नुभयो । उहाँले वित्तीय अनुशासन अपरिहार्य रहेको औँल्याउँदै संस्थाको वास्तविक आर्थिक अवस्था, कारोबारको प्रकृति र धरातलीय यथार्थ नबुझी एकोहोरो नियम मात्र लाद्ने हो भने विद्यमान समस्या झन् जटिल बन्न सक्ने चेतावनी दिनुभयो ।

सहकारीको क्षमता र सदस्यप्रतिको उत्तरदायित्वलाई सम्मान गर्ने खालका मैत्रीपूर्ण नीति ल्याउनुपर्ने उहाँको मुख्य जोड थियो ।

सभामा संस्थाका सचिव सत्यनारायण सुवालले संस्थाको प्रगति प्रतिवेदन र कोषाध्यक्ष रमेश खर्बुजाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी, लेखा सुपरिवेक्षण समितिका संयोजक सुजन खर्बुजाले लेखा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमलाई केवल आर्थिक कारोबारमा मात्र सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोड्दै विभिन्न प्रेरणादायी गतिविधिहरू पनि सञ्चालन गरिएका थिए । संस्थाको स्थापना र विकासमा योगदान पुऱ्याउने ज्येष्ठ सदस्यहरूलाई न्यानो गम्छा र पौष्टिक आहार प्रदान गरी सम्मान गरियो । शिक्षाप्रतिको लगानी र नयाँ पुस्ताको क्षमता विकास गर्ने उद्देश्यले कक्षा १२ माथि उत्तीर्ण गरेका सम्पूर्ण विद्यार्थीलाई ल्यापटप ब्याग तथा प्रशंसापत्र प्रदान गरिएको थियो ।

संस्थाका उपाध्यक्ष रामभक्त पक्काले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रममा महिला उपसमितिका सदस्यहरूले सहकार्य, एकता र पारस्परिक सहयोग झल्काउने सहकारी गीत सामूहिक रूपमा प्रस्तुत गरेका थिए ।

कार्यक्रमको सञ्चालन जितेन्द्र श्रेष्ठले गर्नुभएको थियो ।

ज्येष्ठ सदस्यको सम्मानले विगतको योगदानप्रति कृतज्ञता र विद्यार्थीलाई गरिएको सहयोगले भविष्यप्रतिको आशा जगाएको सहभागीहरूले बताएका थिए ।

कार्यक्रममा अध्यक्ष अन्जन ज्याख्वाले धन्यवादसहित समापन गर्नुभएको थियो ।

# बाराही साकोसको २७ औँ वार्षिक साधारणसभा

भक्तपुर, १७ असोज । बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २७ औँ वार्षिक साधारणसभा शुभकामना पार्टी प्यालेस, कालाँचा-४, भक्तपुरमा सदस्य नं. १५४९ का ज्येष्ठ वयोवृद्ध सदस्य कृष्णमाया खर्बुजाको आतिथ्यमा संस्थाका अध्यक्ष राधेश्याम सुवालको सभाध्यक्षतामा शनिबार सम्पन्न भयो ।



साधारणसभामा वित्तीय साक्षरताका लागि प्रोस्कुनका सञ्चालक तथा स्रोतव्यक्ति एवं सहकारीकर्मी कृष्णगोविन्द लाखाजुबाट ७६ प्रतिशतको हाराहारीमा उपस्थिति रहेका सदस्यहरूलाई सहकारीसम्बन्धी ऐन, नियम, जारी सहकारी मापदण्डबारे, वित्तीय व्यवस्थापन, बचतको महत्त्व, ऋणको सदुपयोग, ऋण भुक्तानीमा अनुशासन, आयअनुसार खर्च व्यवस्थापन तथा भविष्यका लागि वित्तीय योजना निर्माणको विषयमा जानकारीमूलक प्रस्तुति दिनुभएको थियो ।

उहाँले सहकारीका सदस्यले आफ्नो वित्तीय अवस्था बुझेर बचत तथा ऋणको कारोबार गर्न सके व्यक्तिगत आर्थिक स्थायित्वसँगै संस्थाको वित्तीय स्वास्थ्य पनि मजबुत हुने धारणा व्यक्त गर्नुभयो ।

“सामुदायिक व्यवहारको विकास गरौँ जसले गर्दा समाज राम्रो र सहकारी राम्रो हुनेछ” भन्ने विषयलाई जोड दिँदै उहाँले स्रोतव्यक्तिले वित्तीय साक्षरता पैसा बचत गर्ने विषय मात्र नभई आम्दानी, खर्च, बचत, लगानी, ऋण तथा जोखिम व्यवस्थापनसँग सम्बन्धित समग्र ज्ञान र व्यवहार भएको उल्लेख गर्दै सदस्यहरूलाई नियमित रूपमा आफ्नो आर्थिक गतिविधिको समीक्षा गर्न आग्रह गर्नुभयो । उहाँले सहकारीबाट लिएको ऋणलाई उत्पादनशील क्षेत्रमा प्रयोग गरी समयमै किस्ता तथा ब्याज भुक्तानी गर्ने बानीले सदस्य र संस्थाबिचको विश्वास अझ मजबुत हुने बताउनुभयो ।

सभामा तयारी समितिका संयोजक एवं संस्थाका उपाध्यक्ष बलराम प्रजापतिले स्वागत गर्नुभएको सो कार्यक्रममा संस्थाका वयोवृद्ध सदस्य कृष्णमाया खर्बुजाले पानसमा दीप प्रज्वलित गरी संस्थाको बाँसुरी बाजाको धुनमा उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका सचिव विष्णुप्रसाद सुवाल, कोषाध्यक्ष रत्नकेशरी सुखुपायो र लेखा सुपरिवेक्षण समितिका संयोजक बालकृष्ण नागाले आ-आफ्नो प्रतिवेदन पारितको लागि प्रस्ताव पेस गर्नुभएको थियो ।

सञ्चालक सदस्य पुनेन्द्रप्रसाद कुसीले उद्घोषण गरेको सभामा संस्थाका शेयर पुँजी वृद्धि सदस्य २ जना, संरक्षित पुँजी फिर्ता कोष वितरणमा ऋण र बचततर्फ बढी योगदान गर्ने २ जना, धिमे बाजा प्रशिक्षार्थी २८ जना, प्रशिक्षक २ जना, २०८२ मा एसईई तह पूरा गर्नुहुने ५७ जना विद्यार्थीलाई सम्मानपत्र तथा कदरपत्र वितरण गरिएको थियो ।

सभामा सभाध्यक्ष एवं अध्यक्ष राधेश्याम सुवालले सहकारी संस्था सदस्यहरूको साझा आर्थिक संस्था भएकोले प्रत्येक सदस्यहरूको सक्रिय सहभागिता र अटुट विश्वास, सञ्चालक समितिको दूरदर्शी नेतृत्व र कर्मचारीहरूको लगनशीलताकै कारण संस्था आज यो उचाइसम्म पुग्न सफल भएको बताउनुभयो ।

अध्यक्ष सुवालले भन्नुभयो, “सहकारीको वास्तविक पुँजी केवल संस्थामा रहेको रकम होइन, सदस्यहरूको विश्वास हो । सदस्यको विश्वासलाई कायम राख्दै पारदर्शिता, सुशासन, वित्तीय अनुशासन र जवाफदेहितालाई संस्थाको मूल आधार बनाएर अगाडि बढ्नुपर्छ ।”

# श्रमजीवी साकोसको २८ औँ वार्षिक साधारणसभा

भक्तपुर, १७ असोज । श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि.को २८ औँ वार्षिक साधारणसभा शनिबार कमलविनायक बैङ्क्वेटमा सम्पन्न भयो ।




साधारणसभाको उद्घाटन संस्थाका ज्येष्ठ संस्थापक सदस्य चन्द्रबहादुर बासीले पानसमा दीप प्रज्ज्वलन गरी गर्नुभयो ।

सभामा शुभकामना मन्तव्य राख्दै नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले सहकारीको लक्ष्य सदस्यहरूको आर्थिक, शैक्षिक, सांस्कृतिक स्तर उठाउन र समाजको सामूहिक हितको निम्ति काम गर्ने हुनुपर्ने बताउँदै श्रमजीवी साकोसजस्ता समुदायमा आधारित सहकारी त्यसतर्फ उन्मुख रहेको बताउनुभयो ।

उहाँले शासक दलहरूको संरक्षणकै कारण सहकारी ठग र सहकारीको बचत हिनामिना गरेकाहरू जेलमा नभई खुलमखुला घुमेर ऐसआराम गरिरहेका र बचतकर्ता सर्वसाधारण जनताले दुःख पाइरहेको बताउनुभयो ।

श्रमजीवी साकोसका सल्लाहकार एवं संस्थापक अध्यक्ष गणेशभक्त सितिखुले समुदायमा आधारित सहकारीमा मात्र सदस्य बनेर बचत गर्नुपर्नेमा जोड दिँदै बढी ब्याजदरको लोभमा गैरस्थानीय सहकारीमा बचत गरेकाहरूको बचत सहकारी सञ्चालकहरूले नै हिनामिना गरेको धेरै घटना छन् भन्नुभयो ।

संस्थाका पूर्वअध्यक्ष गणेशलाल फोजूले सहकारीहरूलाई नियमित गर्ने कानुन रहे पनि त्यसलाई कार्यान्वयन गर्न सरकारी निकायहरू सक्रिय नहुँदा सहकारीमा अपचलन बढेको हो भन्नुभयो ।

अर्का पूर्वअध्यक्ष बिकुलाल सुवालले सहकारीलाई सही स्थितिमा राख्न सहकारी सदस्यहरू आफै सजग र सक्रिय रहनुपर्ने उहाँले बताउनुभयो ।

संस्थाको सञ्चालक समितिका अध्यक्ष गोविन्दराम त्वानाबासुको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष लक्ष्मीनारायण कुसाथाले स्वागत, सचिव नारायणप्रसाद लागेले प्रगति प्रतिवेदन वाचन, कोषाध्यक्ष हरिभक्त हामोले आव २०८२/०८३ को आयव्ययको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक सुरेन्द्रप्रसाद दुवालले लेखा सुपरिवेक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा दिवङ्गत सदस्यहरू तथा भोटेकोसी बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली स्वरुप एक मिनेट मौनधारण गरिएको थियो ।

कार्यक्रममा भोलाछैँ सांस्कृतिक समूहका सांस्कृतिक कलाकारहरूले ध्याचु नृत्य, लाहुरे नाचलगायत सांस्कृतिक प्रस्तुति गरेका थिए ।

कार्यक्रममा असल बचतकर्ता, असल बालबचतकर्ता र असल ऋणीहरूलाई मायाको चिनोसहित सम्मान गरिएको थियो ।

। सम्पादकीय ।

# सहकारी संस्था डुबाउने खेलमा सरकारी संयन्त्रहरू !

पुँजीपतिवर्गको सेवा गर्ने नक्कली कम्युनिस्टहरूको कारण सच्चा कम्युनिस्टहरूलाई पनि त्यही नजरले हेर्ने कारण नेपालको कम्युनिस्ट आन्दोलन र नेपालको कम्युनिस्ट पार्टीमा पनि नराम्रो छाप परेकोमा शङ्का छैन । एउटा कम्युनिस्ट पार्टी बिग्रियो, सिद्धान्त र विचार छोड्यो भन्दैमा सबै कम्युनिस्ट पार्टीलाई उही दृष्टिले हेर्नु दृष्टिदोष हो । यसरी नै कुनै सहकारी संस्था बिग्रियो, सहकारी संस्थाको पैसा खाएर बेपत्ता भयो या डुबायो भन्दै सबै सहकारीलाई त्यही दृष्टिले हेर्ने काम गलतै हो । संस्थाको रकममा रजाइँ गर्ने, पैसा लिएर भागेर हिँड्ने जो कोही व्यक्तिमाथि सरकारले कारबाही गर्नुपर्छ; पैसा खाने, अनियमितता गर्ने व्यक्तिहरू कारबाहीमा पर्नुपर्छ; उनीहरूको सम्पत्ति जफत गरी पीडित सहकारी सदस्यहरूलाई पैसा फिर्ता दिनुपर्छ ।

देशका दर्जनौँ सहकारीहरू डुबाएर, पैसा लिएर बेपत्ता भएको खबर प्रकाशमा त आयो । तर, सरकारले उनीहरूको कुनै छानबिन गरेन, छानबिन गरेर दोषीमाथि कारबाही गर्ने प्रक्रिया अघि बढाएन । खराब नियत वा विचार राखी काम गर्ने सहकारी संस्थालाई सरकारले नियन्त्रण र नियमन गर्नुपर्ने हो । पदको दुरुपयोग गरी सहकारीको रकम हात पार्ने व्यक्तिहरूलाई सरकारले कारबाही गरेको देखिएको छैन या उनीहरूसँग क्षतिपूर्ति लिएर सहकारी पीडितलाई बाँड्ने काम गरेको छैन । खराब आचरण या नियतका सहकारी संस्था, सहकारी सञ्चालक या प्रबन्धकमाथि नियमन र नियन्त्रण गर्नु मनासिब हो । तर, सहकारीको मूल्य र मान्यताबमोजिम चलिरहेका समुदायमा आधारित सहकारी संस्थालाई खराब संस्थाको रूपमा व्यवहार गर्नु या नियन्त्रण गर्नु उचित होइन ।

सरकारले सहकारीलाई कुनै फाइनान्स र बैङ्कको रूपमा होइन सहकार्यकै आधारमा अघि बढाउन उत्प्रेरित गर्नुपर्ने हो; उत्साहित गर्नुपर्ने हो; आवश्यक सहयोग गर्नुपर्ने हो । सरकारले नियमन र नियन्त्रणको नाउँमा सहकारी सञ्चालनमा बाधा हुने मनसाय राख्नु हुँदैन; मनसाय राखेर काम गर्नुहुँदैन । सहकारी संस्थालाई पुँजीपतिवर्गको सञ्चालक समितिको रूपमा विकास गर्ने; बैङ्कको रूपमा लैजाने सरकारको नियत, नीति र निर्णयले सरकार बहुमत जनताको पक्षमा नरहेको थाहा हुन्छ । सहकारीलाई बैङ्कको रूपमा सोच्ने या विकास गर्ने सरकारको सोच नै गलत छ । सरकारको संस्था डुबाउने सोच र कार्यशैलीको विरोधमा सहकारीकर्मीहरू आन्दोलित हुनुपर्ने स्थिति सिर्जना गरिएको छ । सहकारी संस्थाको समितिमा सरकारी तलब खाने कर्मचारी बस्ने नपाउने, सहकारी संस्थाको पदाधिकारी बन्न कम्तीमा दस जोड दुई उत्तीर्ण गर्नुपर्ने, ऋण तिर्न बाँकी रहेका कुनै पनि सदस्य संस्थामा उम्मेदवार बन्न नपाउने, महिना-महिनामा सावाँ र ब्याज तिर्नुपर्ने, ऋण कारोबारमा सेवा शुल्क, फाराम शुल्क, नवीकरण शुल्क र निरीक्षण शुल्क लिन नपाउने व्यवस्थाले देशको कुना काप्चामा खोलेका सहकारी संस्था नियमित चल्छ कि चल्दैन ? सहकारीकर्मीहरूको चिन्ता र चासोको विषय बनेको छ ।

एउटा नीति, निर्णय कार्यान्वयन गर्न नपाउँदै अर्को निर्णय जारी गरेर सहकारी संस्थालाई अन्योल बनाउने, संस्थालाई कमाउ खाने धन्दाको रूपमा विकास गर्ने अवधारणा ल्याएर सहकार्य, सहकारी भावनालाई भाँचकुँच गर्ने कामको समुदायमा आधारित सबै सहकारी संस्थाले विरोध गर्नुपर्छ । जनताबिच नभिजेका, जनताको समस्या नबुझेका नेता र मन्त्रीको कारण सहकारीको भावना मेट्ने प्रयासको सहकारीकर्मीहरूले विरोध गर्नुपर्छ । निजी बैङ्कसँग तुलना गरेर समुदायमा आधारित सहकारी संस्थालाई डुबाउने, बन्द गराउने खेलमा सरकार लागेकोमा सहकारीकर्मीहरू चिन्तित हुन थालेका छन् । सरकारको यस्तै अपरिपक्व बुद्धिको कारण यो सरकारप्रति जनताको विश्वास गुम्दै गएको अनुभूति सर्वसाधारण जनताले मात्र होइन युवाहरूले पनि गर्न थालेका छन् । काम गरी खाने जनताको आत्मबलमा आघात पुऱ्याउने सरकारी कार्यशैलीको कारण मिटरब्याज पीडित, सुकुमवासी, नर्स, चिकित्सक, किसान, विद्यार्थी, शिक्षक मात्र होइन स्वयम् युवाहरूले पनि आक्रोस पोख्न थालेका छन् । सरकारको आधा काँचो निर्णयले सहकारी मात्र होइन देशको अर्थतन्त्रमा नै असर पर्नेमा शङ्का छैन । सहकारीकर्मीहरूले सोच्न थालेका छन् - सरकार देश सुधार्न आएको हो कि बिगार्न । विदेशी सहयोगबाट देशको अर्थतन्त्र सञ्चालन गर्ने, देश ध्वस्त पार्नेहरूमाथि कारबाहीको प्रक्रिया अघि नबढाउने सरकारले के देश बनाउला ? के गरिब जनताको जीवन सुधार्ला ? करोडपति अर्बपतिलाई पोसेर गरिब जनतामाथि शोषण र दमन गर्ने, विदेशीको कुरा सुनेर देशको शिक्षा नीति र अर्थ नीति बनाउने सरकार बहुमत जनताको पक्षमा हुँदैन ।

अत: कृषि सहकारी संस्थाविरोधी नीतिको विरोध गर्नुपर्छ । बिचौलियाहरूको हस्तक्षेपको विरोध गर्नुपर्छ । कृषिमा आधारित देशमा कृषि, घरेलु र सानो उद्योगधन्दालाई असफल पारी बहुराष्ट्रिय कम्पनीहरूको पुँजीको निम्ति सस्तो ज्यामीको नाउँमा नेपाली जनताका युवा युवतीलाई दासको रूपमा लाने नीतिको विरोध गर्नुपर्छ । देशको अर्थतन्त्र विदेश निर्भर रेमिट्यान्स अर्थात् विदेशमा काम गर्ने नेपालको रगत र पसिनाको रकममा निर्भर बनाउने खोटो नीतिले देशलाई विदेश निर्भर बनाउने नीतिको विरोध गर्नुपर्छ ।

ऐन नियम कुल्चेर आफूखुसी संस्थामा अनियमितता गर्ने सहकारीका सञ्चालक समितिका पदाधिकारीहरूलाई सजायको भागीदार बनाउनुपर्छ । खराब मनसायले जानीजानी सहकारीको पैसा हात पार्ने, बेपत्ता हुने सञ्चालक र प्रबन्धकहरूलाई खोजी खोजी समातेर कारबाही गर्नुपर्छ । सहकारी क्षेत्रलाई नेपालको संविधानले अर्थतन्त्रको खम्बाको रूपमा लिने, अधिक कर लिने अनि त्यही सहकारीलाई नियमन र नियन्त्रणको नाउँमा घाँटी समाएर सञ्चालन गराउने नीतिको विरोध गर्नुपर्छ । सहकारीलाई सरकारको आम्दानीको स्रोत बनाउने तर सहकारीलाई सरकारको तर्फबाट कुनै सेवा सुविधा नदिने सहकारीविरोधी नीति र नियमको विरोध गर्नुपर्छ; विरोध गरेर खबरदारी गर्नुपर्छ । सरकारले सहकारी भावनाविपरीतका अनावश्यक नीति, निर्णय र निर्देशन फिर्ता लिनुपर्छ । अनि मात्र सहकारी संस्था दिगो हुन्छ, स्थिर हुन्छ र संस्थालाई समृद्ध बनाउन सकिन्छ ।

# गत वर्ष भदौ २३ र २४ गतेको उपद्रोमा एमाले कहाँ चुक्यो ?

✍ प्रज्ज्वल

संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गले 'दि ग्रेजोन' पत्रिकामा संरा अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गतको NED, IRI, CEPPS, NDI मार्फत करोडौँ डलर नेपाल पठाई गत वर्ष भदौ २३ र २४ गते 'उपद्रो' गराएको सार्वजनिक गरे । पत्रकार क्लारेनवर्गका अनुसार सीआईएअन्तर्गतका संस्थाहरूले रास्वपाका बालेन, रवि, सागर, सुधन, रञ्जुलगायतलाई विध्वंस गर्ने र निर्वाचन जित्ने विषयमा तालिम दिएका हुन् । यी विषयबारे तत्कालीन सरकार प्रमुख एमालेका केपी ओली थाहा नपाएजस्तो बसेको थप आश्चर्य हो । यो उपद्रोबारे छानबिन गरेको कार्की आयोगको प्रतिवेदनमा प्रधानमन्त्री मियोको रूपमा अर्थात् कार्यकारी प्रमुख भएका कारण जिम्मा निजकै हुने उल्लेख छ ।

सो प्रतिवेदनमा उल्लेख छ- "तत्कालीन प्रधानमन्त्री ओलीले राष्ट्रिय अनुसन्धान विभागसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत ल्याएका थिए । गत वर्ष भदौ २३ गते राष्ट्रिय अनुसन्धान विभागको सूचनाको आधारमा माइतिघर मण्डलामा ३ देखि ५ हजार जति मानिस सामेल हुने सरकारी आकलन गलत साबित भयो । ओलीले भदौ २३ गतेको प्रदर्शनमा घुसपैठ र निहत्था जनताको मृत्युपछि छानबिन समिति गठनबारे मौखिक मात्र बोले लिखित निर्णय गरेनन् । भदौ २४ गते सङ्कटकाल लगाई नेपाली सेना परिचालन गर्न सकिने विकल्प थियो । प्रधानमन्त्रीजस्तो जिम्मेवारीमा बसेको व्यक्तिबाट जोखिम न्यूनीकरणको निम्ति नेपाली सेना परिचालनको लागि सैनिक मुख्यालयसँग समन्वय गर्न आवश्यक पहल भएको देखिएन ।

भदौ २३ गतेको घटनालगत्तै सर्वदलीय-सर्वपक्षीय बैठक बोलाएर स्थितिबारे छलफल नगर्नु पनि ओली र तत्कालीन सभामुख घिमिरेको गल्ती हो । त्यसबेला सर्वदलीय बैठक गरिएको भए आजको यो सङ्कट आउने थिएन । यसरी ओलीसँगै सिङ्गो एमाले चुक्यो ।

कार्की आयोगको प्रतिवेदनमा "भदौ २३ गते नेपाली सेना सिंहदरबारस्थित नरसिंह हलबाट सङ्घीय संसद् भवनतर्फ अपराह्न १२:४५ बजे टुकमा गएको, सो टुकलाई प्रदर्शनकारीले छेकेपछि ३ बजेमात्र सङ्घीय संसद् भवन पुगेको, पैदल नै समयमा सङ्घीय संसद् भवन जान सकिन्थ्यो, नगएकोमा सो राति सङ्घीय संसद् भवनमा बसेको नेपाली सेना तोडफोड गर्नेहरूले सङ्घीय संसद् भवन आगजनी गरेपछि निस्केर गएको" उल्लेख छ ।

"भदौ २३ गते विकसित हुँदै आएको स्थितिबारे थाहा भए पनि समयमा नेपाली सेनाबाट जिल्ला सुरक्षा समितिलाई सहयोग प्राप्त भएन । सिंहदरबारमा दोस्रो पटक प्रदर्शनकारी प्रवेश गर्दा नेपाली सेना नवनिर्मित गृहमन्त्रालय भवनतर्फ जाने बाटोमा निष्क्रिय अवस्थामा बसेको प्रत्यक्षदर्शी र अन्य सुरक्षाकर्मीको बयान तथा सीसीटीभी फुटेजबाट प्रस्ट देखियो । सिंहदरबार, राष्ट्रपति भवन, सङ्घीय संसद् भवन, प्रधानमन्त्री निवास सुरक्षामा खटिएका नेपाली सेनाका कमान्डरहरूले आफ्ना कर्तव्य पूरा गरेको देखिएन" प्रतिवेदनमा उल्लेख छ ।

यसरी तत्कालीन प्रधानमन्त्री ओलीले तीनओटै रक्षा निकायलाई विश्वासमा राख्न नसकेको प्रतिवेदनबाट पुष्टि हुन्छ । यहाँनेर पनि एमाले चुक्यो ।

गत वर्ष भदौ २४ गते बिहान ओली राजीनामा नदिने अडानमा थिए । तर, देशभरिभैँ आगजनी सुरु गरिएपछि अपराह्न १:३० बजे नेपाली सेनालाई राजीनामा बुझाएर ओली सैनिक हेलिकप्टरमार्फत १२ दिन गुमनाम भए । यो देश र जनताप्रति ओलीको घात हो । भदौ २४ गते ओलीले प्रधानमन्त्री पदको राजीनामा राष्ट्रपतिलाई भेटेर दिन सक्नुपर्थ्यो र राष्ट्रपतिलाई नयाँ निकासको लागि संसद्लाई आह्वान गर्न सुझाव दिनुपर्थ्यो । यी दुवै काम ओलीबाट भएन । संविधान बाहिरबाट अन्तरिम चुनावी सरकार गठन गर्न राष्ट्रपति पौडेललाई सल्लाह कसले दियो ? यो पनि खोजको विषय हो । के राष्ट्रपति पौडेल रोएर पदमा टाँसिरहेको सत्य हो ?

कार्की आयोगको प्रतिवेदनमा उल्लेख छ- "राष्ट्रपति नेपाली सेनाको परमाधिपति हो । भदौ २४ गते प्रदर्शनकारीहरू राष्ट्रपति भवनभित्र प्रवेश गर्दा नेपाली सेनाका सकल दर्जाका अफिसर र जवानहरूले प्रभावकारीरूपमा प्रतिरोध नगर्दा ऐतिहासिक र पुरातात्त्विक राष्ट्रपति भवन र दस्तावेजहरू जलेर नष्ट भए । यी भवनहरूमाथिको आक्रमणले नेपाली सेनाप्रति नेपाली नागरिकहरूको आस्था र विश्वास डगमगाएको छ । नेपाली सेनाबख्तरबन्द गाडीसहित परिचालन भएको भए सिंहदरबार, शीतलनिवासलगायत धरोहरहरू सुरक्षित राख्न सकिने बलियो सम्भावना थियो । तर, सेना समयमा परिचालित भएको देखिएन ।

कार्की आयोगको प्रतिवेदनमा यो पनि उल्लेख छ - "भदौ २४ गते उपत्यका प्रहरी कार्यालय र प्रहरी प्रधानकार्यालयबाट देशभरि नै आक्रमण गर्न आएमा सकभर कम बल प्रयोग गर्न, थुनुवाको सूची तयार गरी छोडिदिनेलगायत कहिल्यै नसोचेको आदेशले सम्पूर्ण प्रहरीमा डटेर सामना गर्ने मनोविज्ञान नै मरेर गयो । प्रहरी कार्यालयमाथि आक्रमणको खबरलाई चेतावनीको रूपमा लिएर सशक्त ढङ्गमा सामना गर्न तयार हुनुपर्ने ठाउँमा आदेशले प्रहरी छिटो कार्यालय छोड्ने मनस्थितिमा पुगेको देखिन्छ । यदि उपत्यकामा बिहानै डटेर प्रहरीले सामना गरेको भए आक्रमणकारीहरूको मनोबल घट्ने थियो । प्रहरी कार्यालयमा आक्रमण गर्नेविरुद्ध प्रहरीको सामनालाई कानुनी र नागरिकबाट पनि समर्थन हुने सम्भावना थियो ।"

यो अवस्थाले पनि ओलीले नेपाल प्रहरीलाई आफ्नो कमान्डमा राख्न नसकेको पुष्टि गर्छ ।

"भदौ २४ गते अपराह्न ३:३० बजे तोडफोड गर्नेहरू नख्खु कारागार पुगेर रवि लामिछानेलाई छोड्नुपर्ने जिकिर गरेको उल्लेख प्रतिवेदनमा तोडफोड गर्नेहरूले कारागार प्रमुखलाई करकापमा रवि लामिछानेलाई छोडेको पत्रमा सही गराए, रवि लामिछाने निस्किएपछि थप भिड आएर अन्य थुनुवालाई छोडाएर लगेको र त्यसदिन देशभरबाट १४ हजार ४४० जना कैदीबन्दीलाई भगाएको पनि उल्लेख छ ।

कार्की आयोको प्रतिवेदनअनुसार भदौ २४ गते १० बजेबाट आफ्ना कार्यालयबाटै प्रहरीले छोडेको हुँदा लुटपाट र आगजनी गर्नेहरूले अवसर पाए । सीसीटीभी र सोधपुछबाट यो उपद्रोमा केही सडक व्यापारीदेखि कवाडी सङ्कलन गर्नेहरू, ग्यारेजमा काम गर्नेहरू, बस, ट्रकलगायतका चालक-सहचालकहरू, उपत्यकाबाहिरबाट आएका निर्माण कार्यमा संलग्नहरू, वर्कशपमा काम गर्नेहरू, सुकुमवासी भनिएकाहरू, कारागारबाट भागेकाहरू, प्रहरीको हिरासतबाट छुटेकाहरू संलग्न थिए ।

"तोडफोड गर्नेहरूले ग्यास सिलिन्डरमा आगजनी गरी भवनभित्र फाल्ने, रसायन, पेट्रोल बमजस्ता प्रज्वलनशील पदार्थ प्रयोग गरेको, सिंहदरबार परिसरभित्र आगो निभाउने ग्यास फायर एक्टिङ्गविसर खोली फाल्ने, कम्पाउन्डभित्र पार्किङ गरेका सवारीमा आगो लगाउने गरेका थिए । अब विज्ञसहितको अनुसन्धान टोली गठन गरी उपद्रोको प्रमाण पुष्टि भएमा कानुनबमोजिम कारबाही सिफारिस गर्नु पर्दछ" प्रतिवेदनमा उल्लेख छ ।

गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि भैँ आगजनी कुनै पनि देशभक्त नेपालीबाट हुनसक्ने घटना होइन । यसकारण, पनि दोषीलाई कारबाही हुनु आवश्यक छ ।

# प्रतिभाको सम्मान कि पैसाको प्रतिस्पर्धा ?

✍ चिन्तामणि, भक्तपुर

**रियालिटी शोको तीतो यथार्थ**

राजनीतिमा चुनाव जित्न उम्मेदवारले पैसा खर्च गर्छ । कार्यकर्ता परिचालन गर्छ, प्रचार गर्छ, मतदातासम्म पुग्छ र आफ्नो पक्षमा मत माग्छ । लोकतन्त्रमा मतदाताको निर्णय सर्वोपरि हुन्छ । तर, जब पैसाको प्रभाव यति बलियो हुन्छ कि मतको मूल्यभन्दा पैसाको पहुँच ठुलो देखिन थाल्छ, त्यहाँ निर्वाचनको गुणात्मकता र निष्पक्षतामाथि प्रश्न उठ्छ ।

अब यही प्रश्न कला र मनोरञ्जनका रियालिटी शोमा पनि उठ्न थालेको छ - राजनीतिमा पैसाको बलमा मत जुटाएर चुनाव जित्ने प्रवृत्ति र रियालिटी शोमा पैसाको बलमा भोट जुटाएर 'आइडल' बन्ने प्रवृत्तिबिच कति फरक छ ?

'नेपाल आइडल', 'द भ्वाइस अफ नेपाल', 'पोएट आइडल' जस्ता कार्यक्रमले निश्चय नै धेरै प्रतिभालाई ठुलो मञ्च दिएका छन् । गाउँ-गाउँमा लुकेका प्रतिभाले राष्ट्रिय पहिचान पाउने अवसर पाएका छन् । तर, अन्तिम चरणमा पुग्दै जाँदा निर्णायकको प्राविधिक मूल्याङ्कनभन्दा दर्शकको भोट निर्णायक बन्ने हो भने एउटा असहज प्रश्न उठ्छ - प्रतिस्पर्धा प्रतिभाबिच भइरहेको छ कि समर्थक जुटाउने क्षमताबिच ?

मानौँ, एउटै प्रतियोगितामा दुई प्रतिभा छन् । पहिलोको प्रस्तुति उत्कृष्ट छ तर उसको परिवार सामान्य छ; सामाजिक सञ्जालमा पहुँच सीमित छ र उसलाई सङ्गठित रूपमा भोट मागिदिने ठुलो समूह छैन । अर्कोको प्रस्तुति औसत छ तर उसको पछाडि ठुलो आर्थिक क्षमता, सामाजिक सञ्जाल र सङ्गठित समर्थक छन् । यदि धेरैपटक भोट गर्न सकिने व्यवस्था छ भने परिणाम कसको पक्षमा जाने सम्भावना बढी हुन्छ ? यहाँ प्रतिभाभन्दा पहुँच, सङ्गठन र आर्थिक क्षमता निर्णायक बन्न सक्ने जोखिम हुन्छ ।

यहीँ रियालिटी शो र चुनावी राजनीतिबिचको तीतो समानता देखिन्छ । चुनावमा 'हाम्रो उम्मेदवार जिताउनुपर्छ' भनेर पैसा, शक्ति र सङ्गठन परिचालन गरिएभैँ रियालिटी शोमा 'हाम्रो मान्छे जिताउनुपर्छ' भन्दै समूहगत रूपमा भोट अभियान चल्न सक्छ । फरक यति हो - राजनीतिमा जितेपछि सत्ता प्राप्त हुन्छ; रियालिटी शोमा जितेपछि लोकप्रियता, पुरस्कार र करियरको ढोका खुल्छ । तर, दुवै ठाउँमा मतको सङ्ख्या जुटाउने क्षमता र वास्तविक योग्यता एउटै कुरा होइन ।

अझ गम्भीर प्रश्न सशुल्क भोटिङमा छ । यदि एक व्यक्तिले पैसा तिरेर धेरैपटक मतदान गर्न सक्छ भने आर्थिक क्षमता स्वाभाविक रूपमा प्रतिस्पर्धाको एउटा अदृश्य शक्ति बन्न सक्छ । त्यस अवस्थामा गरिब परिवारको प्रतिभाशाली कलाकारले आफ्नो कला लिएर प्रतिस्पर्धा गर्छ; सम्पन्न समर्थक भएको प्रतिस्पर्धीले कला सँगसँगै आफ्नो 'भोटिङ मेसिन' पनि लिएर आउँछ ।

त्यसो भए दर्शकको भोट नै हटाउने ? होइन । दर्शकको मत र लोकप्रियता पनि महत्त्वपूर्ण छ । तर, लोकप्रियता र प्रतिभालाई एउटै कुरा ठान्नु खतरनाक हुन्छ । विज्ञ निर्णायकको मूल्याङ्कन, पारदर्शी मापदण्ड र सीमित तथा निष्पक्ष भोटिङबिच सन्तुलन आवश्यक छ । एक व्यक्ति वा एक खाताबाट निश्चित सीमाभन्दा बढी भोट गर्न नपाउने व्यवस्था, भोटको शुल्क र गणना प्रणालीको पारदर्शिता तथा निर्णायकको मूल्याङ्कनको स्पष्ट आधारले यस्तो जोखिम घटाउन सक्छ ।

रियालिटी शो मनोरञ्जन उद्योग हो । त्यसैले व्यावसायिक पक्ष हुनु अस्वाभाविक होइन । तर, प्रतिभाको नाममा दर्शकको भावना र गोजी दुवैलाई प्रतिस्पर्धाको इन्धन बनाइयो भने त्यसको नैतिक प्रश्न उठ्छ ।

राजनीतिमा हामी प्रश्न गर्छौं - 'मत किन्न पाइन्छ ?' कला क्षेत्रमा पनि अब अर्को प्रश्न गर्नुपर्ने बेला आएको छ - 'भोट किन्न मिल्ने संरचनाबाट प्रतिभा कसरी निष्पक्ष रूपमा छानिन्छ ?'

यदि अन्ततः सबैभन्दा धेरै पैसा खर्च गर्न सक्ने समर्थक भएको व्यक्ति नै विजेता बन्ने हो भने त्यसलाई प्रतिभाको विजय भन्न कति उचित होला ?

चुनावमा पैसाले मतको मूल्य घटाउँछ भने रियालिटी शोमा पैसाले भोटको मूल्य घटाउन सक्छ । लोकतन्त्र होस् वा कला, मतको सङ्ख्या महत्त्वपूर्ण छ, तर मत पछाडिको शक्ति अझ महत्त्वपूर्ण हुन्छ ।

रियालिटी शोले अब यही प्रश्नको इमानदार जवाफ दिनुपर्ने बेला आएको छ - हामी 'आइडल' छानिरहेका छौँ कि सबैभन्दा ठुलो भोटिङ अभियान चलाउन सक्ने व्यक्तिलाई ?

# मार्क्सवाद, साहित्य र वास्तविकता - १

✍ राल्फ फक्स





## मार्क्सवाद र साहित्य

मार्क्सवाद एक भौतिकवादी दर्शन हो। यसले पदार्थको प्राथमिकतामा विश्वास राख्तछ। यसको के विश्वास छ भने संसारको अस्तित्व हामीभन्दा बाहिर र हामीबाट स्वतन्त्र हुन्छ। तर, मार्क्सवाद सम्पूर्ण पदार्थलाई परिवर्तनशील एवं इतिहासयुक्त मान्दछ र कुनै पनि वस्तुलाई स्थायी तथा अपरिवर्तनीय मान्दैन। सत्रौँ शताब्दीका अङ्ग्रेज लेखकहरूमा विरलै मात्र त्यस्ता होलान्, जसको विचार जीवनसम्बन्धी भौतिकवादी दृष्टिकोणसित मेल नखाओस्, यद्यपि भौतिकवादका बारेमा उनीहरूको दृष्टिकोण मार्क्स र एङ्गेल्सकै जस्तो भने थिएन नै। आफ्नो दार्शनिक विचारहरूको प्रेरणा रैबिले र मोन्टेनबाट लिने शेक्सपियरले जीवनको मार्क्सवादी दृष्टिकोणमा कुनै अनर्थको कुरो भेट्टाउने थिएनन्। अठारौँ शताब्दीका अधिकांश भागमा ब्रिटेनका अनेकौँ महानतम लेखक जीवनको भौतिकवादी दृष्टिकोणलाई अपनाउन केही पनि आनाकानी गर्दैनथे।

तर, आज यस्तो छैन। एक शताब्दीभन्दा बढी समयदेखि यस्तो छैन। आजको साहित्यिक पत्रकारले भौतिकवाद र कल्पना एकसाथ रहन सक्तैनन् भनेर विरोधभाव प्रकट गर्दछ। यस्तो नभएमा, तिनको दृष्टिमा यसको परिणाम सृजन होइन; बरु फोहोरी एक उत्पात हुनेछ। यो एउटा एकदमै विचित्रको र विकृत दृष्टिकोण हो। अन्यथा कुनै कल्पनाशील लेखकका लागि विशेषत: उपन्यास लेखकका लागि, भौतिकवादी दृष्टिकोणलाई अँगाल्नुभन्दा स्वाभाविक कुरो अरू के हुन सक्तछ र ?

'सत्ता चेतनाको नियन्ता हो' - पदार्थ र आत्माका बिचको मूल सम्बन्धको मार्क्सवादी व्याख्या यही नै हो। कलाकारले यस दृष्टिकोणलाई मानोस् कि नमानोस् तर उसको सृजनात्मक कार्यको आधार यही हुन्छ। किनभने, सम्पूर्ण काल्पनिक सृष्टि सृष्टिकर्ता रहने वस्तुजगत्कै प्रतिबिम्ब हो। यो काल्पनिक सृष्टि वस्तुजगत्सित उसको सम्पर्क तथा जगत्का वस्तुहरूप्रतिको उसको प्रेम वा घृणाको परिणाम हो।

रङ्ग र प्रकाशहरूको चमकदमक, किसिम-किसिमका रूप र आकृति, जीवनको सुगन्ध, वायुहरूको प्रवाह, पशुजीवन र यसरी नै मानव जीवनको पनि भौतिक सौन्दर्य वा भौतिक भद्दापन, वास्तविक पुरुष र नारीहरूको सुष्टिकर्ता स्वयम् पनि यसमा सामेल छ- काम, विचार र सपनाहरू, यी सबै त कलाका बीज वस्तुहरू हुन्।

मिल्टन कवितासँग तीन कराको माग गर्दथे - 'त्यो सीधासादा, संवेदनशील र गहिरो चाहनामा घोलिएको होस्।' संवेदनशीलता नभएको कला- त्यस्तो कला जसको वस्तुजगत्को बोधसित, इन्द्रियगोचर वस्तुहरूसित कुनै अभिरुचि हुँदैन - कुनै कला नै होइन, वास्तवमा त्यो कलाको छाया पनि होइन। सृजनात्मक प्रक्रियाको गाँठी कुरो सृजनकर्ता र बाह्य यथार्थका बिचको सङ्घर्षमा यस यथार्थलाई नियन्त्रण गर्ने र त्यसको पुनर्सजन गर्ने आवश्यकतामा निहित हुन्छ। तर, यसमा के आपत्ति गर्न सकिन्छ भने 'के मार्क्सवादले कलाकृतिहरूलाई आर्थिक आवश्यकताहरू तथा आर्थिक प्रक्रियाहरूको प्रतिबिम्ब मात्र हुन्' भन्ने दाबी गर्दैन र ?

अहँ, यो मार्क्सवादी दृष्टिकोण होइन। वास्तवमा यो उन्नाइसौँ शताब्दीको प्रत्यक्षवादी मतका केही भौतिकवादीहरूको दृष्टिकोण थियो। मार्क्सको द्वन्द्वात्मक भौतिकवादसित यसको कुनै सरोकार छैन। जीवनका अधिभूत प्रक्रियाहरू - कलात्मक सृजन पनि तिनमा एक हो- र जीवनका भौतिक आधारका बिचको सम्बन्धका बारेमा आफ्ना विचारहरूलाई मार्क्सले राजनीतिक अर्थशास्त्रको आलोचनामा योगदान भन्ने आफ्नो सुप्रसिद्ध पुस्तकको भूमिकामा पूर्ण प्रस्टताका साथ वर्णन गरिसकेका छन्। उनको भनाइ छ :

"जीवनका भौतिक साधनहरूको उत्पादनका तरिकाले सामाजिक, राजनीतिक र बौद्धिक जीवनका सम्पूर्ण प्रक्रियालाई निर्धारित गर्दछन्। मानिसहरूको चेतनाले तिनको अस्तित्वलाई निर्धारित गर्दैन, यसको उल्टो उनको सामाजिक अस्तित्वले नै तिनको चेतनालाई निर्धारित गर्दछ। आफ्नो विकासको एक अवस्था विशेषमा समाजमा उत्पादनका भौतिक शक्तिहरू उत्पादनको वर्तमान सम्बन्धहरूसित टक्कराउन थाल्दछन् अथवा यसलाई कानुनको भाषामा व्यक्त गर्दा ती साम्पत्तिक सम्बन्धहरूसित टक्कराउन थाल्दछन्, जसअन्तर्गत ती पहिले कार्यरत थिए। उत्पादनका शक्तिहरूको विकासका रूपहरूबाट परिवर्तित भएर ती सम्बन्ध तिनका बन्धन हुन पुग्दछन्। अनि सामाजिक क्रान्तिको एउटा युगको उद्घाटन हुन पुग्दछ। आर्थिक आधारहरूमा परिवर्तनसहित त्यसको सम्पूर्ण भीमकाय माथिल्लो बनोट पनि, न्यूनाधिक तीव्रताले परिवर्तन हुन थाल्दछ। यस्ता क्रान्तिहरूबारे विचार गर्दा हामीले उत्पादनका आर्थिक परिस्थितिहरूको-पदार्थविज्ञानजस्तै जसलाई एकदमै सही-सही परीक्षण गर्न सकिन्छ र कानुनी, राजनीतिक, धार्मिक, कलात्मक वा दार्शनिक, सङ्क्षेपमा सैद्धान्तिक रूपहरूका बिच-जसमा मानिसहरूले यस द्वन्द्वको चेतना पाउँछन् र त्यसलाई सङ्घर्षको माध्यमबाट समाधान गर्दछन् - सधैँ नै अन्तर गर्नुपर्दछ।"

मार्क्सको निस्सन्देह के विश्वास थियो भने जीवनको भौतिक विधानले अन्ततोगत्वा बौद्धिक विधानलाई निर्धारित गर्दछ। तर, उनले एकछिनका लागि पनि कहिल्यै यी दुईका बिचको सम्बन्धलाई सीधा, सरल र यन्त्रवत् विकसित हुने ठानेनन्। यदि उनका अघि कसैले पुँजीवादले सामन्तवादको ठाउँ लिने भएकोले 'पुँजीवादी' कलाले चाँडै नै सामन्तवादी कलाको ठाउँ ग्रहण गर्दछ र सम्पूर्ण महान् कलाकार परिणामत: नयाँ पुँजीवादीवर्गका आवश्यकताहरूलाई सीधै प्रतिबिम्बित गर्न थाल्दछन् भनेको खण्डमा उनले यसलाई हाँसेर उडाइदिने थिए। न त उनी जस्तो यसपछि प्रकट हुनेछ, उत्पादनको पुँजीवादी तरिका सामन्ती तरिकाभन्दा प्रगतिशील हुन्छ, त्यसैले पुँजीवादी कला सामन्तवादी कलाभन्दा सधैँ नै उच्च स्तरको हुनुपर्दछ र ग्रीस र रोमका दास-राज्यहरूको अथवा प्राचीन पूर्वीय राजामहाराजाहरूको कलाको तुलनामा सामन्ती कलाको सिंहासन माथिल्लो हुनुपर्दछ भन्ने कुरालाई नै मान्दथे। यसरी सतही तथा विकृत विचारहरूको मार्क्सवादको समग्र आत्मासित टाढाको पनि साइनो छैन।

समाजको भौतिक आधारमा भएका परिवर्तनहरूलाई आर्थिक इतिहासज्ञले पदार्थविज्ञानलाई जस्तै सही-सही रूपमा परीक्षण गर्न सक्तछ भन्ने मार्क्सको भनाइ बिलकुल ठीक छ *(यी परिवर्तनहरू वैज्ञानिक रूपले निर्धारण हुन्छन् भन्ने यसको अर्थ होइन)*। तर, जीवनको माथिल्लो सामाजिक तथा आत्मिक अधिरचनामा भइरहेका परिवर्तनहरूलाई त्यस्तो कुनै वैज्ञानिक नापजोख हुन सक्तैन। परिवर्तन हुन्छन्, मानिसहरूलाई तिनको बोध हुन्छ, नयाँ र पुरानाका बिच द्वन्द्वलाई उनीहरूले आफ्नो मस्तिष्कमा 'समाधान' गर्दछन्। तर, यो समाधान उनीहरूले अतीतको उत्तरदान पाएका विभिन्न किसिमका भारीहरूबाट थिचिएर, बहुधा अस्पष्ट रूपमा तथा मानिसका मस्तिष्कमा घटिरहेका परिवर्तनहरूलाई सहज रूपबाट जान्न नसकिने तरिकाबाट गर्ने गर्दछन्।

उदाहरणका लागि, फ्रान्सको क्रान्तिद्वारा सम्पन्न सामाजिक र आर्थिक परिवर्तनहरूको अभिव्यक्ति कोड नेपोलियनका रूपमा भएको साँचो हो। तर, यस तथ्यको जानकारीले स्वयम्मा कोड नेपोलियनलाई प्रस्ट पार्दैन। यसका लागि फ्रान्सको इतिहास र क्रान्तिभन्दा पहिले त्यस देशमा वर्गहरूको सम्बन्धलाई बुझ्नु पनि आवश्यक हुन्छ। यसका लागि फेरि स्वयम् क्रान्तिको विकासक्रम र वर्गसम्बन्धहरूमा त्यसले जे परिवर्तन ल्यायो, त्यसलाई जान्नु पनि जरुरी हुन्छ र सबभन्दा बढी नेपोलियनको फौजी तानाशाहीलाई जान्नु अनिवार्य हुन्छ। अनि मात्र नेपोलियनकालमा सूत्रपात भएको कोड नेपोलियन कसरी नयाँ बुर्जुवा समाज तथा फ्रान्सको औद्योगिक क्रान्तिको कानुनी अभिव्यक्ति थियो भन्ने कुरा जान्न सकिन्छ। अनि कानुन विचारगत माथिल्लो बनोटको सम्भवत: सबभन्दा बढी प्रभावशाली अङ्ग हो, उत्पादनका तरिकाहरूमा परिवर्तनअनुसार यो अत्यन्त सजहजताका साथ बदलिन्छ। तर, कलाको आधारसित धेरै टाढाको सम्बन्ध हुन्छ र परिवर्तनको त्यसमाथि धेरै कम सजिलो गरी प्रभाव पर्दछ।

एङ्गेल्सले सन् १८९० मा जे.ब्लान्कलाई लेखेको आफ्नो चिठीमा यस सन्दर्भमा ज्यादै जोडदार शब्दमा आफ्नो मत प्रकट गरेका थिए :

इतिहासको भौतिकवादी धारणाअनुसार वास्तविक जीवनमा उत्पादन र पुनरुत्पादन नै अन्तत: इतिहासको निर्णयात्मक तत्त्व हन्छन्। यसभन्दा बढी दाबी न मार्क्सले गरेका छन् न मैले नै गरेको छु। त्यसैले कसैले यसलाई बङ्ग्याएर आर्थिक तत्त्व नै एक मात्र निर्णयात्मक तत्त्व हो भन्दछ भने उसले त्यसलाई एउटा निरर्थक, निराधार र काम नलाग्ने भनाइ बनाउनेछ। आधार आर्थिक स्थिति हो, तर माथिल्लो बनोटका विभिन्न तत्त्व - वर्गसङ्घर्ष तथा त्यसबाट उत्पन्न परिणामहरूको राजनीतिक रूप, सफल युद्धपछि विजयी वर्गले निर्माण गरेको विधान आदि-कानुनका रूप- र कतिसम्म भने युद्धरत पक्षहरूको मस्तिष्कमा परेका यी सम्पूर्ण वास्तविक सङ्घर्षहरूका प्रतिक्रियाहरू, राजनीतिक, कानुनसम्बन्धी र दार्शनिक सिद्धान्त, धार्मिक विचार र अझ अघि विकसित भएका रूढिग्रस्त पन्थहरूको रूपमा तिनको परिणति यी सबैले ऐतिहासिक सङ्घर्षको विकासक्रममा आफ्नो प्रभाव पार्दछन् र अनेकौँ दृष्टान्तमा तिनको रूप निर्धारित गर्नमा सबभन्दा बढी भूमिका निर्वाह गर्दछन्। यी सम्पूर्ण तत्त्वहरूमा क्रिया-प्रक्रिया चलिरहन्छ। यसमा आकस्मिक घटनाहरूको अन्तहीन पङ्क्तिका बिच *(अर्थात् त्यस्ता घटनाहरूका बिचको अन्तरसम्बन्ध एकदमै टाढाको हुन्छ वा सम्बन्धलाई सिद्ध गर्न एकदमै असम्भव हुन्छ र हामी त्यसलाई नभएको ठानेर उपेक्षा गर्न सक्तछौँ)* आर्थिक प्रक्रिया अन्तत: आवश्यक तत्त्वका रूपमा अघि आउँछ। यस्तो नहुँदो हो त इतिहासका कुनै पनि वाञ्छित कालमाथि उक्त सिद्धान्तको प्रयोग गणितको साधारणभन्दा साधारण योगभन्दा पनि बढी सहज हुन पुग्दथ्यो।

त्यसैले एकातिर मार्क्सवादले आर्थिक कारणहरूलाई नै कुनै परिवर्तनको अन्तिम र निर्णयात्मक प्रकरण मान्दछ भने अर्कातिर 'भावगत' प्रकरणले पनि इतिहासको क्रमलाई प्रभावित गर्न सक्तछन् भन्ने कुरालाई, कतिसम्म भने परिवर्तनका रूप (रूप मात्र) लाई निर्धारित गर्नमा तिनको भूमिका प्रमुखसमेत हुन सक्तछ भन्ने कुरालाई अस्वीकार गर्दैन। मार्क्सवादले कलात्मक रचनाजस्ता मानवचेतनाका आत्मिक तत्त्वको महत्त्वलाई कम मूल्याङ्कन गर्दछ भन्नु खालि मार्क्सवादको उपहास गर्नु हो। यसरी नै मार्क्स कलाकृतिहरूलाई भौतिक तथा आर्थिक प्रकरणहरूको प्रतिबिम्ब मान्दथे भनेर दाबी गर्नु मार्क्समाथि ठट्टा गर्नु हो। उनले त्यस्तो कहिल्यै ठानेनन्। धर्म, दर्शन वा परम्पराले कुनै कलाको रचनामा ठुलो योगदान पुऱ्याउन सक्तछ, कतिसम्म भने यीमध्ये कुनै एकको वा अरू 'भावगत' तत्त्वको सम्बन्धित कृति विशेषको रूप निर्धारणमा प्रमुख भूमिका हुन सक्तछ भन्ने कुरो उनी राम्ररी नै जान्दथे। तर, जेबाट एउटा कलाकृतिको रचना हुन्छ ती सबै तत्त्वमा, आर्थिक प्रक्रियाले मात्र अन्तत: अनिवार्य प्रकरणको रूपमा आफूलाई प्रकट गर्दछ। जे कुरालाई मार्क्स र एङ्गेल्स ऐतिहासिक परिवर्तनहरूका निम्ति साँचो मान्दथे, कलात्मक रचनाहरूका लागि पनि उनीहरू त्यसलाई सत्य मान्दथे।

मार्क्सवादका विरुद्ध के आपत्ति गरिन्छ भने यसले व्यक्तिको भूमिकालाई मान्दैन, यसलाई मार्क्सवादले खालि त्यस्तो निराकार आर्थिक शक्तिहरूको सिकार ठान्दछ, जसले त्यसलाई भाग्यचक्रको अनिवार्यतासहित एक निश्चित अन्ततिर धकेल्दछन्। यस धारणाअन्तर्गत बाह्य भाग्यले मानवलाई एक अनिवार्य अन्ततिर डोऱ्याउँदै छ कि छैन, कलाकृतिको रचना असम्भव छ कि छैन भन्ने विषयमा हामी यहाँ केही कुरा गर्दैनौँ। कालभिनिज्मले सायदै कहिल्यै महान् कलाको रचना गरेको होस्, तर भाग्य र प्रलयको धारणाको श्रेय यसलाई प्राप्त छ- ग्रीक दु:खान्त नाटक र हार्डीका कृतिहरू मात्र यी दुई उदाहरणको हामी यहाँ उल्लेख गर्दछौँ। फेरि पनि उपर्युक्त आपत्ति वास्तवमै मार्क्सवादी दृष्टिकोणले प्रस्तुत गरेको भए सही हुन सम्भव थियो। कम्तीमा पनि के हो भने यो आपत्ति पश्चिमी जगत्का महान् कलाको मानवतावादी परम्परासित अनुप्राणित छ र त्यसैले श्रद्धायोग्य छ। यद्यपि, यो आपत्ति एउटा ठुलो भ्रममा आधारित छ।

कारण के भने मार्क्सवाद व्यक्तिलाई अस्वीकार गर्दैन। यसले जनसमुदायलाई आर्थिक शक्तिहरूको दुर्निवार माखेसाङ्लोमा फसेको मात्र देख्तैन। के साँचो हो भने केही मार्क्सवादी साहित्यिक कृतिहरूले विशेषत: केही 'सर्वहारा' उपन्यासहरूले-मन्दबुद्धिका आलोचकलाई यस्तै हुन्छ भन्ने विश्वास लिन मौका दिए। तर, यसमा कमजोरी सम्भवत: ती उपन्यासकारहरूको हो, जो आफ्नो विषयको महत्ताअनुरूप माथि उठ्न सकेनन्, उनीहरू प्रकृतिलाई परिवर्तन गर्न र नयाँ आर्थिक शक्तिहरूको रचना गर्ने प्रक्रियाका क्रममा स्वयम् आफूलाई रूपान्तरण गर्ने मानवको चित्रण गर्न योग्य सिद्ध हुन सकेनन्। मार्क्सवाद मानवलाई आफ्नो दर्शनको केन्द्र मान्दछ। किनभने, यसले एकातिर भौतिक शक्तिहरूले मानिसलाई परिवर्तन गर्न सक्तछन् भन्ने दाबी गर्दछ भने अर्कातिर अति प्रस्ट रूपमा के पनि घोषणा गर्दछ भने मानवले नै भौतिक शक्तिहरूलाई रूपान्तरण गर्दछ र यस क्रममा उसले आफ्नै पनि रूपान्तरण गर्दछ।

मानव र उसको विकास मार्क्सवादी दर्शनको केन्द्रबिन्दु हो। मानव कसरी परिवर्तित हुन्छ ? बाह्य जगत्सित उसको के सम्बन्ध छ ? यिनै प्रश्नहरूको उत्तर मार्क्सवादका संस्थापकहरूले आविष्कार गरेर निकालेका हुन्। मार्क्सवादी दर्शनको रूपरेखा दिनु यहाँ मेरो अभीष्ट होइन। तर आउनुस्, इतिहासको एक सक्रिय साधनको रूपमा, मानवको बारेमा काम गर्दा र जीवनसित सङ्घर्ष गर्दा मानवको प्रश्नका बारेमा एकैछिन हामी छलफल गरौँ। किनभने यो एउटा त्यस्तो मानव हो, जो एकैपटक कलाको सृजनकर्ता पनि हुन्छ र कलाको पात्र पनि। इतिहासमा व्यक्तिको भूमिकाका बारेमा एङ्गेल्सको व्याख्या यस किसिमको छ :

"इतिहासले आफ्नो निर्माण कसरी गर्दछ भने अन्तिम परिणाम सधैँ अनेक व्यक्तिगत इच्छाशक्तिहरूको द्वन्द्वबाट उत्पन्न हुन्छ र यी इच्छाशक्तिहरू पनि प्रत्येक जीवनका अनगिन्ती विशेष परिस्थितिहरूद्वारा निर्मित हुन्छन्। यसरी परस्पर द्वन्द्वरत अनगिन्ती शक्तिहरूले, शक्तिहरूका समानान्तर चतुर्भुजहरूका अनेकौँ शृङ्खलाहरूले एउटा परिणामलाई, ऐतिहासिक घटना जन्माउँछन्। यसलाई पनि एउटा त्यस्तो शक्तिको उपजको रूपमा हेरिनुपर्दछ, जसले आफ्नो समग्र रूपमा, निश्चेतन तथा सङ्कल्पहीन कार्य गर्दछ। यसको कारण के छ भने सङ्कल्प वा इच्छा गर्ने प्रत्येक व्यक्तिका लागि अरू सबै बाधक हुन्छन् र परिणामस्वरूप कसैले पनि इच्छा नगरेको कुरा प्रकट हुन्छ। यसरी अतीतको इतिहास एक प्राकृतिक प्रक्रियासरह अघि बढ्छ र तत्त्वत: गतिको समान नियमहरूबाट शासित हुन्छ। तर, यस तथ्यबाट के निष्कर्ष निकाल्न हुँदैन भने व्यक्तिगत इच्छाशक्तिहरू- यीमध्ये प्रत्येकले त्यही चाहन्छ, जसका लागि उसको आफ्नो भौतिक गठन तथा बाह्य परिस्थितिहरू र अन्तिम रूपमा आर्थिक परिस्थितिहरू (उसका निजी र आमरूपमा समाजका परिस्थितिहरू) ले बाध्य पार्दछन् -ले आफ्नो इच्छित वस्तु प्राप्त गर्दैनन्, तिनको मूल्य शून्य बराबर हुन्छ। बरु, ती इच्छाशक्ति एउटा सामूहिक मध्यवर्तीमा, एक सामूहिक परिणाममा विलय हुन्छन्। तीमध्ये प्रत्येकले परिणाममा योगदान दिन्छ र त्यही मात्रामा त्यो त्यसमा निहित हुन्छ।"

यो केवल इतिहासज्ञहरूका लागि काम लाग्ने नभएर उपन्यासकारका लागि पनि ( आख्यानकार सबैका लागि पनि-सं.) काम लाग्ने सूत्र हो। किनभने उपन्यासकार जीवनको युद्धक्षेत्रमा अन्य इच्छाशक्तिहरूसित व्यक्तिगत इच्छाशक्तिको द्वन्द्वको प्रश्नबाट पृथक रहन सक्तैन र रहनु हुँदैन। मानवका सबै इच्छाहरूको पूर्ति कहिल्यै हुँदैन; यो मानवको भाग्य हो। तर, यो उसको गौरवको विषय पनि किन हो भने इच्छाहरूको पूर्तिका लागि गरिएका प्रयासहरूको क्रममा मानवले स्वयम् जीवनलाई रूपान्तरण गर्दछ, त्यो सीमितभन्दा सीमित नै किन नहोस्। मानवको भाग्यका बारेमा मार्क्सवादी सूत्र 'क=०' हुँदैन, बरु 'यसको प्रतिकूल प्रत्येकले परिणाममा योगदान दिन्छ र त्यही मात्रामा ऊ त्यसमा निहित हुन्छ।'

तर इच्छाहरू, आशा-आकाङ्क्षाहरू तथा आवेश-आवेगहरूको यो द्वन्द्व हवाई मानवहरूको द्वन्द्व होइन। किनभने, एङ्गेल्सले कुन कुरामाथि जोड दिन बिर्सेका छैनन् भने मानवका आकाङ्क्षा र क्रियाकलापहरूलाई उसको भौतिक गठन र अन्तत: आर्थिक परिस्थितिहरू - व्यक्तिका निजी परिस्थिति र आमरूपमा समाजका परिस्थितिहरूले निर्धारित गर्दछन्। मानिसको सामाजिक इतिहासमा, फेरि पनि अन्तिम रूपमा आफू जुन वर्गको अङ्ग हो त्यो वर्गका अन्तर्विरोधहरू र द्वन्द्वसहित मनोवैज्ञानिक स्थितिले नै निर्णयात्मक भूमिका निर्वाह गर्दछन्। यसरी प्रत्येक मानवको दोहोरो इतिहास हुन्छ। किनभने, ऊ एकैसाथ सामाजिक इतिहास भएको प्रतिनिधि पनि हो र निजी इतिहास भएको व्यक्ति पनि हो। यी दुईवटामा जतिसुकै प्रत्यक्ष द्वन्द्व देखिए तापनि ती एक एकाइ हुन्, किनभने सामाजिक इतिहासले अन्तत: व्यक्तिगत इतिहासलाई प्रभावित गर्दछ। तर, यसको अर्थ कलाको क्षेत्रमा पनि सामाजिक स्वरूप व्यक्तिगत चरित्रमाथि हाबी हुनुपर्छ भन्ने होइन। फालस्टाफ (शेक्सपियरको नाटक हेनरी चौथो र मेरी वाइभस अफ बिन्डसरको ठटेउलो पात्र), डन क्विजोट, टम जोन्स फिल्डिङको उपन्यास टम जोन्सको कथाको नायक, जुलियन सोरेल (स्तान्धालको उपन्यास रातो र कालोको नायक), मोसिए द चार्ल्स (फ्रान्सेली लेखक प्रुस्तको विशाल उपन्यास हराएको समयको खोजी नामक उपन्यासको पात्र) यी सबै प्रतिनिधि पात्र हुन्। तर, यी सबै त्यस्ता चरित्र हुन् जसका सामाजिक विशिष्टताहरूले व्यक्तिलाई मुखर बनाउँछन् र जसका निजी आशा-आकाङ्क्षा, भोक-तिर्खा, प्रेम-इर्ष्या र लालसाहरूले सामाजिक पृष्ठभूमिलाई आलोकित गर्दछन्।

उपन्यासकारले व्यक्तिको भाग्यको कथा त्यतिखेरसम्म लेख्न सक्तैन जतिखेरसम्म ऊ सम्पूर्ण वास्तविकताको यो सुस्पष्ट-सुस्थिर दर्शनबाट पनि सज्जित हुँदैन। उसका पात्रहरूको व्यक्तिगत द्वन्द्वहरूबाट कसरी उसको अन्तिम निष्कर्ष प्रकट हुन्छ। यसका साथै व्यक्तिहरूमध्ये प्रत्येक कसरी त्यस्तो बन्यो, जीवनका ती विविध परिस्थितिहरूका बारेमा प्रस्ट समझ उपन्यासकारमा हुनुपर्दछ। 'परिणामस्वरूप जे प्रकट हुने हो, त्यसको कसैले पनि चाहना गरेको थिएन।' यस वाक्यमा कति सही रूपमा हरेक महान् कलाकृतिको सारतत्त्व निहित छ। यसले स्वयम् जीवनको रचना प्रणाली र ढङ्गलाई पनि कति राम्ररी व्यक्त गर्दछ। किनभने, कसैले नचाहेको त्यस घटनाका पछि एउटा रचना प्रणाली र ढङ्ग रहेको हुन्छ। रचनात्मक कलाकारका निम्ति मार्क्सवाद वास्तविकतालाई जान्ने एउटा साँचो हो। यसले उसलाई जीवनको रचना प्रणाली र ढङ्गलाई हेर्न सहयोग गर्दछ र जीवनमा प्रत्येक व्यक्तिको स्थिति के छ त्यो बताउँछ। यसले सचेत रूपमा मानवलाई पूर्ण महत्त्व दिन्छ र यस अर्थमा यो अन्य सबै विश्व-दर्शनभन्दा अधिक मानवतावादी दर्शन हो।

***- 'उपन्यास और लोकजीवन' बाट***

*(स्पेनिस गृहयुद्धमा प्राणाहुति दिने साहित्यकारमध्येका एक राल्फ फक्स (१९००-१९३६) ब्रिटिस उपन्यासकार, जीवनी लेखक, सामाजिक इतिहासकार, पत्रकार, अनुवादक र राजनीतिकर्मी थिए।)*

***साभार : मार्क्सवादी साहित्य चिन्तन***




युरोपेली देश स्पेनको राजधानी म्याड्रिडस्थित संसद् भवनअगाडि सरकारले ल्याएको नयाँ भवन संहितामाथि मतदान अगाडि उक्त संहिताको विरोधमा प्रदर्शन गर्दै स्पेनिस जनता अक्टोबर २, २०२६ को दिन। उक्त संहिता लागू भएपछि सर्वसाधारण जनता आफैले आफ्नो घर बनाउन नसक्ने भन्दै जनता आन्दोलित भएका हुन्। *तस्बिर : थोमस कोक्स/एएफपी*

# जी-७ राष्ट्रद्वारा १० करोड ब्यारेल तेल बजारमा ल्याउने सहमति

पेरिस, ३ अक्टोबर (एएफपी)। विश्वव्यापी ऊर्जा आपूर्ति सङ्कट र बढ्दो इन्धन मूल्यलाई नियन्त्रण गर्न जी-७ राष्ट्रहरूले आफ्नो रणनीतिक भण्डारबाट चार महिनामा १० करोड ब्यारेल कच्चा तेल तथा डिजेल बजारमा ल्याउने सहमति गरेका छन्।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोको अध्यक्षतामा शुक्रबार भएको भिडियो सम्मेलनपछि उक्त निर्णय सार्वजनिक गरिएको हो। ऊर्जा बजारमा पछिल्लो समय देखिएको अस्थिरता, इन्धनको बढ्दो मूल्य र सम्भावित आपूर्ति अभावबारे जी-७ राष्ट्रका नेताहरूबिच छलफल भएको थियो।

सहमति अनुसार अन्तर्राष्ट्रिय ऊर्जा निकायमार्फत रणनीतिक भण्डारबाट तेल तथा डिजेल तत्काल बजारमा पठाउन सुरु गरिनेछ। विशेषगरी पहिलो २० दिनमै ठूलो परिमाणमा डिजेल बजारमा ल्याइने योजना छ। यसबाट बजारमा आपूर्ति बढाएर मूल्यवृद्धिको दबाब कम गर्ने लक्ष्य राखिएको छ।

जी-७ राष्ट्रहरूले एकअर्काबिच ऊर्जा तथा ऊर्जा उत्पादनको निर्यातमा प्रतिबन्ध नलगाउने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। पछिल्लो समय अमेरिकाले घरेलु बजारमा बढेको डिजेल मूल्य र आपूर्ति समस्यालाई सम्बोधन गर्न निर्यातमा प्रतिबन्ध लगाउन सक्ने सङ्केत दिएको थियो। युरोपेली मुलुकहरूले भने यस्तो कदमले विश्व बजारमा थप दबाब सिर्जना गर्ने भन्दै चिन्ता व्यक्त गरेका थिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली मुलुकहरूले आफ्नो रणनीतिक भण्डारबाट ठूलो परिमाणमा डिजेल निकाल्न सहमति जनाएको बताउनुभएको छ।

अमेरिकाले आफ्नो देशका किसान, ढुवानी व्यवसायी तथा अन्य व्यवसायलाई विश्वव्यापी डिजेल अभावको अतिरिक्त भारबाट जोगाउनुपर्नेमा जोड दिँदै आएको थियो।

विश्व ऊर्जा बजारमा सङ्कट बढ्नुका प्रमुख कारणमध्ये अमेरिका-इजरायल र इरानबिचको युद्ध पनि रहेको छ। युद्धका कारण तेल आपूर्ति र ढुवानीमा जोखिम बढेपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल तथा प्रशोधित इन्धनको मूल्यमा तीव्र वृद्धि भएको छ।

यसका साथै, युक्रेनका आक्रमणपछि रूसले केही इन्धनको निर्यातमा प्रतिबन्ध लगाएपछि विश्व बजारमा थप आपूर्ति दबाब सिर्जना भएको छ। रूस विश्वका प्रमुख ऊर्जा उत्पादकमध्ये एक भएकाले उसको निर्यातमा आएको कमीले अन्तर्राष्ट्रिय बजारमा असर पारेको छ।

यसअघि अन्तर्राष्ट्रिय ऊर्जा निकायका ३२ सदस्य राष्ट्रहरूले मार्चमा ४० करोड ब्यारेल तेल रणनीतिक भण्डारबाट बजारमा ल्याउने निर्णय गरेका थिए। अन्तर्राष्ट्रिय ऊर्जा निकायका प्रमुख फातिह बिरोलका अनुसार त्यस निर्णयअन्तर्गत केही तेल अझै बजारमा आउन बाँकी छ। आवश्यक परे थप भण्डार प्रयोग गर्न सकिने अवस्था रहेको उनको भनाइ छ।

ऊर्जा मूल्य वृद्धिको असर युरोपमा मुद्रास्फीतिमा समेत देखिएको छ। युरोपेली मुद्रा क्षेत्रमा सेप्टेम्बरको मुद्रास्फीति ३ दशमलव ८ प्रतिशत पुगेको छ, जुन तीन वर्षयताकै उच्च स्तर हो।

जी-७ नेताहरूले ऊर्जा मूल्य नियन्त्रण, आपूर्ति सुरक्षा र नागरिकमाथि परेको महँगीको दबाब कम गर्नु आफ्नो प्राथमिकता रहेको बताएका छन्। नयाँ निर्णयले तत्काल बजारमा थप इन्धन उपलब्ध गराउने भए पनि यसको दीर्घकालीन प्रभाव भने मध्यपूर्वको युद्ध, रूसको आपूर्ति र विश्वव्यापी ऊर्जा मागमा निर्भर रहनेछ।

# कङ्गोमा इबोला सङ्क्रमण केही क्षेत्रमा घट्दो, मृतकको सङ्ख्या ४ हजार नाघ्यो

किन्शासा, ३ अक्टोबर (सिन्ह्वा)। लोकतान्त्रिक गणतन्त्र कङ्गोमा फैलिएको इबोला सङ्क्रमण केही क्षेत्रमा क्रमशः नियन्त्रणतर्फ उन्मुख भएको स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्। पछिल्ला केही सातायता विभिन्न स्वास्थ्य क्षेत्रमा नयाँ सङ्क्रमित फेला नपरेको जनाइएको छ। यद्यपि, सङ्क्रमणका कारण ज्यान गुमाउनेको सङ्ख्या ४ हजार नाघेको छ।



कङ्गोका स्वास्थ्यमन्त्री रोजर काम्बाले शुक्रबार राजधानी किन्शासामा आयोजित पत्रकार सम्मेलनमा इबोला सङ्क्रमण अहिले प्रान्तभर फैलिएको अवस्थाबाट केही सीमित स्वास्थ्य क्षेत्रमा केन्द्रित हुँदै गएको जानकारी दिनुभयो।

शुक्रबार सार्वजनिक गरिएको विवरणअनुसार सातवटा प्रान्तमा फैलिएको सङ्क्रमणका क्रममा हालसम्म ८ हजार ३ सय सङ्क्रमितको पुष्टि भएको छ भने ४ हजार १८ जनाले ज्यान गुमाएका छन्। यसअनुसार सङ्क्रमितमध्ये मृत्यु हुनेको दर ४८ दशमलव ४ प्रतिशत रहेको छ। हालसम्म दुई हजार १ सय ६२ जना बिरामी उपचारपछि स्वस्थ भएका छन्।

प्रकोप सुरु भएयता सातवटा प्रान्तका ६३ स्वास्थ्य क्षेत्रमा सङ्क्रमण देखिएको थियो। तीमध्ये १२ स्वास्थ्य क्षेत्रमा पछिल्ला ४२ दिनदेखि नयाँ सङ्क्रमित फेला परेका छैनन्।

स्वास्थ्यमन्त्री काम्बाका अनुसार सङ्क्रमणको अवस्था विभिन्न क्षेत्रमा फरक भए पनि पछिल्लो समय सङ्क्रमित फेला पर्ने स्वास्थ्य क्षेत्रको सङ्ख्या क्रमशः घटिरहेको छ।

यसैबिच, अन्तर्राष्ट्रिय चिकित्सा सहायता संस्था सीमा विनाका चिकित्सकहरूले आधिकारिक तथ्याङ्कभन्दा वास्तविक सङ्क्रमित तथा मृतकको सङ्ख्या अझ बढी हुन सक्ने जनाएको छ। रोगको निगरानी तथा सङ्क्रमितको पहिचानमा देखिएका चुनौतीका कारण केही घटना आधिकारिक तथ्याङ्कमा समेटिन नसकेको हुन सक्ने संस्थाको भनाइ छ।

मे महिनामा घोषणा गरिएको यो सङ्क्रमण लोकतान्त्रिक गणतन्त्र कङ्गोमा अहिलेसम्म देखिएको सबैभन्दा ठूलो र गम्भीर इबोला प्रकोप बनेको छ। विश्वव्यापी रूपमा भने सन् २०१४ देखि २०१६ सम्म पश्चिम अफ्रिकामा फैलिएको इबोला प्रकोपपछि यो दोस्रो ठूलो प्रकोप भएको जनाइएको छ।

## विश्व सङ्क्षेप

# फ्लाईदुबईका सहचालकलाई ओमानले उडानमा रोक लगाएको खुलासा, घटनापछि हवाई सुरक्षामा प्रश्न

तेलअभिभ, ३ अक्टोबर (एपी)। इजरायलतर्फ उडिरहेको फ्लाईदुबईको विमानमा भएको घटनापछि सहचालकसँग सम्बन्धित नयाँ विवरण सार्वजनिक भएको छ। अधिकारीका अनुसार ती सहचालकलाई यसअघि आफ्नै देश ओमानमा केही चिन्ताका कारण विमान उडाउनबाट रोक लगाइएको थियो।

समाचारअनुसार ओमानमा उडानमा रोक लगाइएपछि उहाँलाई संयुक्त अरब इमिरेट्समा रहेको फ्लाईदुबईले रोजगारी दिएको थियो। उहाँलाई नियुक्त गर्ने क्रममा गरिएको सुरक्षा जाँच कति विस्तृत थियो भन्ने विषयमा भने अहिलेसम्म स्पष्ट जानकारी सार्वजनिक भएको छैन।

विमानमा १८२ जना यात्रु रहेका थिए। घटनापछि मध्यपूर्वको हवाई सुरक्षासम्बन्धी विषयमा थप चासो बढेको छ। घटनाको वास्तविक कारण र अन्य पक्षबारे सम्बन्धित निकायले अनुसन्धान गरिरहेका छन्।

यसैबिच, संयुक्त अरब इमिरेट्सले इजरायलतर्फ हुने सबै व्यावसायिक उडान स्थगित गरेको छ। यसका कारण संयुक्त अरब इमिरेट्समा रोकिएका यात्रुलाई स्वदेश फर्काउन इजरायल र संयुक्त अरब इमिरेट्सले विशेष उडान सञ्चालन गर्न थालेका छन्।

पहिलो विशेष उडान शुक्रबार राति संयुक्त अरब इमिरेट्सबाट प्रस्थान गरी शनिबार बिहान तेलअभिभ पुगेको थियो। अन्य विमान कम्पनीहरूले पनि यात्रु फिर्ता ल्याउन विशेष उडान सञ्चालन गर्ने तयारी गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घटनाबारे प्राप्त प्रारम्भिक जानकारीमा इरानसँग सम्भावित सम्बन्ध देखिएको बताउनुभएको छ। तर, अनुसन्धानमा संलग्न एक इजरायली अधिकारीका अनुसार अहिलेसम्म आक्रमणकारीको इरानसँग सम्बन्ध रहेको पुष्टि गर्ने प्रमाण सार्वजनिक भएको छैन।

# साउदी अरबमा ब्यालिस्टिक क्षेप्यास्त्रको भग्नावशेष खस्दा एक जना घाइते

रियाद, ३ अक्टोबर (सिन्ह्वा)। साउदी अरबको दक्षिणी क्षेत्रमा रहेको असीर क्षेत्रमा रोकिएको ब्यालिस्टिक क्षेप्यास्त्रको भग्नावशेष खस्दा एक जना घाइते भएका छन्।

साउदी नागरिक सुरक्षा विभागका अनुसार शनिबार आहद रफिदाह गभर्नरेटमा क्षेप्यास्त्रलाई आकाशमै रोकिएर नष्ट गरिएपछि त्यसको भग्नावशेष खसेको थियो। घटनामा एक एसियाली नागरिक घाइते भएका छन्।

भग्नावशेषका कारण भवनभित्र रहेका केही सवारीसाधनमा क्षति पुगेको छ भने एउटा प्रार्थना कक्षमा समेत भौतिक क्षति भएको नागरिक सुरक्षा विभागले सामाजिक सञ्जालमार्फत जनाएको छ।

यसैबिच, शुक्रबार हुथी विद्रोही समूहले प्रक्षेपण गरेको अर्को प्रोजेक्टाइल साउदी अरबको नाजरान सहरस्थित एक विद्यालयमा खसेको थियो। उक्त घटनामा विद्यालयमा भौतिक क्षति पुगेको साउदी नागरिक सुरक्षा विभागले जनाएको छ।

# अमेरिका-बेलायतका दुई घटनामा इरानमाथि आशङ्का, अनुसन्धान जारी

जेरुसेलम, ३ अक्टोबर (एपी)। बेलायत र अमेरिकाका नेताहरूले यसै साता भएका दुई सुरक्षा घटनामा इरानको सम्भावित संलग्नताको सङ्केत गरेका छन्। तर, शुक्रबारसम्म दुवै घटनामा इरानको प्रत्यक्ष भूमिका पुष्टि गर्ने प्रमाण सार्वजनिक भएको छैन।

बेलायतमा अमेरिकी सेनाले प्रयोग गर्ने सैन्य विमानस्थल नजिक केही व्यक्तिलाई पक्राउ गरिएको घटना र इजरायलतर्फ गइरहेको विमानको चालक कक्षमा भएको आक्रमणबारे सम्बन्धित निकायले अनुसन्धान गरिरहेका छन्। अनुसन्धान प्रारम्भिक चरणमै रहेकाले घटनाको वास्तविक कारणबारे अझै स्पष्ट निष्कर्ष आइसकेको छैन।

बेलायतको सैन्य विमानस्थल नजिक भएको घटनामा प्रहरीले बेलायती तथा इरानी दुवै नागरिकता भएका २५ वर्षीय एक व्यक्तिलाई आतङ्कवादी आक्रमणको तयारी गरेको आशङ्कामा पक्राउ गरेको छ। अन्य पाँच जनालाई धरौटीमा रिहा गरिएको छ। प्रहरीले विमानस्थल नजिक रहेका केही गाडीबाट पेट्रोलजस्तो ज्वलनशील पदार्थ भेटिएको जनाएको छ। तर, विस्फोटक पदार्थ भने फेला नपरेको बताइएको छ।

इरानले उक्त घटनामा आफ्नो कुनै संलग्नता नरहेको स्पष्ट पारेको छ। इरानी अधिकारीहरूले बेलायतसँग घटनाबारे औपचारिक जानकारी मागेका छन्।

यसैबिच, इजरायलतर्फ जाँदै गरेको विमानमा भएको घटनामा पनि इरानको सम्भावित सम्बन्धबारे चर्चा भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सहचालकको इरानसँग सम्बन्ध हुन सक्ने सङ्केत गर्नुभयो। तर, घटनाको अनुसन्धानमा संलग्न अधिकारीहरूले अहिलेसम्म इरानसँग सम्बन्ध पुष्टि गर्ने प्रमाण नभेटिएको बताएका छन्।

सम्बन्धित घटनामा इरानको भूमिका रहेको दाबी पुष्टि भएमा त्यसले क्षेत्रीय सुरक्षा अवस्थाबारे थप प्रश्न उठाउन सक्ने विश्लेषण गरिएको छ। अहिले दुवै घटनाबारे अनुसन्धान जारी रहेको छ।

# नवदुर्गा भवानीको नृत्य प्रशिक्षण भवन बनाउन आर्थिक सहयोगको अपिल



**शिवराम बनमाला**

कुनै पनि राष्ट्र विकास गर्नको लागि त्यो राष्ट्रको आर्थिक अवस्था दरिलो हुनु आवश्यक छ । हाम्रो देश नेपालको आर्थिक स्रोतमा जलस्रोत, कृषि र पर्यटन विकास अति महत्त्वपूर्ण छ । पर्यटन विकास हाम्रो देशमा रहेको प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा र रीतिरिवाजमा भर पर्दछ । नेपालमा विभिन्न मठमन्दिर र सांस्कृतिक पर्व वा जात्राहरू विभिन्न वंश हुँदै लिच्छवि कालबाट विकास भएको पाइएको छ । लिच्छविकालका राजाहरूले यहाँका सांस्कृतिक मठमन्दिर रीतिरिवाजका साथै भक्तपुरका जीवितदेवी नवदुर्गा भवानीको जात्रा पनि सञ्चालन गरेका थिए । केही समय बन्द रहेको उक्त जात्रा मल्ल वंशका राजा सुवर्ण मल्लले सञ्चालन गरेको इतिहासमा पाइन्छ । हालसम्म जात्रा सञ्चालन गर्दै आएको छ । भक्तपुरबाहेक विभिन्न स्थानमा लगेर जात्रा सञ्चालन भइरहेको छ । वर्तमान समयमा जात्रा सञ्चालन गर्न निकै समस्या रहेको छ । तीमध्ये प्रमुख समस्याहरू निम्नबमोजिम छन् :

- जात्रामा देखाइने नृत्य (नाच), भाषा र मन्त्रहरू (गीत) प्रत्येक देवगणहरूको छुट्टाछुट्टै हुने हुँदा सोबारे नयाँ पुस्तालाई बुझाउने, सिकाउने सक्षम गुरुहरू (प्रशिक्षक) अभाव हुँदै गएको र गुरुको रूपमा रहेका प्रशिक्षकहरूको उचित पारिश्रमिक नहुनु ।
- देवगणहरू स्वयम्ले आफ्नै खर्चमा पटकपटक भोज खुवाउनुपर्ने र जात्रा सञ्चालन गर्न आवश्यक सामानहरू (पशु–पन्छी बलि, पूजा सामान) बन्दोबस्त गर्नुपर्ने हुँदा अधिक आर्थिक भार पर्ने ।
- वर्षमा ९ महिना ङालाकेगु (माछा मार्ने) जात्रामा निरन्तर लाग्नुपर्ने र बाँकी ३ महिना त्यतिकै बस्नुपर्ने । यो समयमा अन्य व्यवसाय वा काम गर्न असहज हुने र काम पनि नपाउने ।
- साना बालकहरूसमेत जात्रामा जानुपर्ने बाध्यताले विद्यालय जान नसकिने र शिक्षाबाट वञ्चित हुने ।

यो जात्रा सञ्चालन गर्न आवश्यक छुट्टै कोषको व्यवस्था भए जात्रा सञ्चालन गर्न सहज हुन्छ कि भनी नवदुर्गा देवगण गुठीको नाममा बनमाला परिवारले आफ्नै केही रूपैयाँ राखेर र विभिन्न चन्दादाताहरूसँग सहयोग मागेर कोषको स्थापना गरेको थियो । सो कोषबाट गुरु स्थापना गरी देवगण बन्ने नयाँ पुस्तालाई सहज भएको छ । हाल यो समिति नवदुर्गा देवगण जात्रा व्यवस्थापन समितिको रूपमा रहेको छ । यस समितिका सदस्यहरूले निम्न कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छ ।

- कुनै कार्य समितिका सदस्यहरूले अन्तर्वार्ता दिँदा, कुनै लेखहरू लेख्दा त्यसबारे सत्यतथ्य र कुनै लेखको लेखकको आधार र इतिहास भएको बारे मात्र जानकारी दिँदा राम्रो हुने ।
- यो जात्रा सञ्चालन गर्न विभिन्न नृत्य, भाषा, मन्त्र (गीत) बारे वास्तविक दक्ष व्यक्तिहरूलाई सत्यतथ्य नृत्यहरू नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्ने ।
- जात्रा सञ्चालन गर्नको लागि पहिलादेखि नवदुर्गाको नाममा राखिएको जग्गाको संरक्षणका साथै कोषको रकम बढाउँदै जानुपर्ने ।

हाल कार्य समितिका सदस्यहरूले नवदुर्गा भवानीको नृत्य, भाषा, मन्त्रहरू ( गीत) पछिसम्मका पुस्तालाई सिकाउँदै जानुपर्छ र नवदुर्गा व्यवस्थापन कोषमा आर्थिक सहयोग बढाउन ध्यान दिनुपर्छ ।

नवदुर्गा भवानीको जात्रा पछिसम्म संरक्षण गर्नको लागि नेपाल सरकार र स्थानीय सरकारको पनि दायित्व हो । नेपाल सरकार र स्थानीय सरकारले यो जात्रा संरक्षण गर्न अति आवश्यक छ ।

यस नवदुर्गा भवानीका नृत्यहरू सिकाउन भनपा वडा नं. ७ मा निर्माणाधिन नवदुर्गा अ:खछेँ (नृत्य प्रशिक्षण घर) को लागि सबैले आ–आफ्नो क्षेत्रबाट आर्थिक, भौतिक सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

*(लेखक बनमाला समाजका संस्थापक हुनुहुन्छ ।)*

# कालीगण्डकीको भेलले बगाएको फर्सेवासीको सपना

✍ **सन्तोष गौतम**

केही दिनअघिसम्म घर थिए । गोठ थिए । खेतबारी थिए । बालबालिकाको चहलपहल थियो । अहिले त्यहाँ कालीगण्डकीको भेल बगिरहेको छ ।

पर्वतको जलजला गाउँपालिका–८ फर्सेमा यही असोज ११ गतेको बाढीले धेरै परिवारको जीवन नै उल्टाइदिएको छ । वर्षौं को मिहिनेतले बनाएको घर । जोडेको धनसम्पत्ति । पालिएका गाईभैँसी सबै बाढीले बगाएको छ ।

बेनी नगरपालिका–१ रत्नेचौर ढोडेनीकी निर्मला सापकोटाको परिवार लामो समयदेखि फर्सेमा बस्दै आएको थियो । यातायातको सुविधा थियो । कृषि उपज बिक्री गर्न सहज थियो । सोही कारण उहाँको परिवारले फर्सेलाई कर्मथलो बनाएको थियो ।

समाजमा राम्रो आर्थिक हैसियत भएको परिवारका रूपमा चिनिनुहुने निर्मला अहिले आफू शून्यमा पुगेको महसुस गर्नुहुन्छ । “पुर्ख्यौली घर रत्नेचौर भए पनि फर्सेमा व्यवस्थित घर बनाएर सुविधासम्पन्न जीवन बिताइरहेका थियौँ”, उहाँले भन्नुभयो, “बाढीले शरीरमा भएको एकसरो कपडा र गोठका गाईवस्तुबाहेक सबै बगायो । ज्यान बच्यो, यही ठुलो कुरा हो ।”

निर्मलाको आवाजमा पीडा छ । तर बाँच्ने साहस पनि छ । “गरेर खानेका लागि गाँस, बास, कपास र ओत चाहिने रहेछ भन्ने अहिले महसुस भएको छ”, उहाँले भन्नुभयो ।

फर्सेकै विष्णुकुमारी हमालको परिवारको कथा पनि उस्तै छ । व्यापार–व्यवसायका लागि धाइरिङबाट फर्से झरेको परिवारले चारवटा घर बनाएको थियो । उहाँका श्रीमान् डिलबहादुर क्षेत्रीले दूध उत्पादनका लागि शिव तरकारी तथा पशुपालन कृषि फार्म सञ्चालन गर्नुभएको थियो ।

“गाईभैँसीलाई तातोपानीले नुहाइदिन गोठमा सोलार जोडेका थियौँ”, विष्णुले भन्नुभयो, “हाम्रो सुविधासम्पन्न घरगोठ भएको ठाउँमा अहिले कालीगण्डकी बगेको छ । पुरानो तस्बिरमा घर हेरेर चित्त बुझाउनुबाहेक केही बाँकी रहेन ।”

निरन्तरको वर्षापछि कालीगण्डकीमा आएको बाढीले फर्सेका करिब एक सय परिवार प्रभावित भएका छन् । जलजला गाउँपालिकाका अनुसार ७५ घर बगेर पूर्ण रूपमा क्षति भएका छन्, २७ घर जोखिममा छन् । बाढीबाट विस्थापित ७५ परिवारका १२९ महिला, १४४ पुरुष र पाँच वर्षमुनिका आठ बालबालिका प्रभावित भएका छन् ।

घरबारविहीन परिवारमध्ये अन्यत्र घर नभएका र आफन्तकहाँ आश्रय लिन नसक्नेलाई सुरक्षा निकायको सहयोगमा अस्थायी शिविरमा राखिएको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । “ज्यान जोगिए पनि वर्षौं मिहिनेत गरेर जोडेको घरघडेरी र धनसम्पत्ति गुमाएको पीडा धेरैमा छ”, उहाँले भन्नुभयो ।

**पूर्वसूचनाले जोगायो ज्यान**

फर्सेकी सङ्गीता शर्मालाई यही असोज १० गतेको रात अझै सम्झना छ । ठुलो पानी पर्ने सूचना आएपछि स्थानीय बासिन्दा केही दिनदेखि नै सतर्क थिए । तर कालीगण्डकी यति ठुलो भेलसहित बस्तीमा पस्ला भन्ने कसैले सोचेका थिएनन् ।

असोज १० गते मध्यराति फर्से युवा क्लबका युवाले माइकिङ गरे । त्यसपछि सङ्गीतासहित धेरै परिवार घर छाडेर सुरक्षित स्थानतर्फ लागे । “शरीरमा भएको कपडामात्रै लगाएर झरीमा भिज्दै रातको २:०० बजे सडकमा निस्कियौँ”, उहाँले भन्नुभयो, “गहना, अन्न, लत्ताकपडा, फर्निचर, भाँडाकुँडा, नगद र महत्त्वपूर्ण कागजात घरमै थिए तर हामीसँग ज्यान जोगाउने समयमात्र थियो ।”

गोठमा बाँधिएका गाईभैँसी फुकाएर भगाउनुपर्यो । घरभित्रका सामान निकाल्ने समय मिलेन । अहिले विस्थापित परिवार दिनमा एकपटक बाढीले बगाएको घर भएको ठाउँतिर पुग्छन् । भग्नावशेष हेर्छन् । विगत सम्झन्छन् । अनि भारी मन लिएर फर्किन्छन् । अस्थायी शिविरमा बसेका बिना, फूलमाया र सुकमाया विकको अवस्था पनि उस्तै छ । साथमा लगाएको कपडाबाहेक घरबाट केही निकाल्न सक्नुभएन ।

“आफ्नै घर भएको ठाउँमा कालीगण्डकी बगेको देख्दा मन भारी हुन्छ”, उहाँहरूको भनाइ छ । घर र गोठ डुबानमा परेका परिवार भने बाढीबाट बचेका सामान खोजिरहेका छन् । हिलो पखालिरहेका छन् । घाममा सुकाइरहेका छन् । बाँकी रहेको सामान सुरक्षित ठाउँमा सारिरहेका छन् ।

बाढीले घरसँगै विद्यार्थीका कापी–किताब पनि बगायो । फर्से र बागलुङको ढोडेनी जोड्ने करिब १०० वर्ष पुरानो झोलुङ्गे पुल इतिहासमा सीमित गरिदियो । पुल बगेपछि म्याग्दी र बागलुङतर्फबाट फर्सेको जनकल्याण माध्यमिक विद्यालयमा आउने विद्यार्थीले घुमाउरो बाटो हिँड्नुपर्ने अवस्था आएको छ ।

जलजला–८ का वडाध्यक्ष हरिविकास जिसीका अनुसार पूर्वसूचना र स्थानीयको सतर्कताका कारण मानवीय क्षति हुन पाएन । तर भौतिक क्षति अकल्पनीय भयो । वडाध्यक्ष जिसीको पुर्ख्यौली घर बाढीले बगाएको छ ।

**व्यापारिक केन्द्रबाट कृषि गाउँ**

पञ्चायतकालमा फर्से व्यापारिक केन्द्रका रूपमा चिनिन्थ्यो । बागलुङ, मुस्ताङ र म्याग्दी ओहोरदोहोर गर्नेका लागि यो महत्त्वपूर्ण ठाउँ थियो । सडक विस्तारसँगै फर्सेको स्वरूप बदलियो । व्यापार–व्यवसायबाट स्थानीय बासिन्दा कृषि उद्यमतर्फ लागे । बेनी, कुश्मा र बागलुङ बजार नजिक भएकाले दूध र तरकारी उत्पादन यहाँका बासिन्दाको मुख्य आम्दानीको स्रोत बन्यो ।

कालीगण्डकी करिडोरको मालढुङ्गा–बेनी सडकखण्डमा पर्ने फर्सेबाट सिजनमा दैनिक करिब ८०० लिटर र बेसिजनमा ६०० देखि ७०० लिटरसम्म दूध बिक्री हुने गरेको स्थानीय सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाका सचिव खड्ग केसीले बताउनुभयो ।

सहकारीले ४० किसानबाट दूध खरिद गरी बागलुङ पुर्याएर बिक्री गर्दै आएको थियो । तर बाढीपछि किसानको अवस्था फेरिएको छ । “गाईभैंसी पाल्ने ४० मध्ये आधाजसो किसान बाढीबाट प्रभावित भएका छन्”, केसीले भन्नुभयो, “बचाइएका गाईभैँसीलाई आहारा र दाना दिन नसक्दा दूध उत्पादन घटेको छ ।” उहाँले बाढी प्रभावित किसानका लागि तत्काल पशु आहारा र दानाको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

**बगर बनेको गाउँ फेरि उठ्ने विश्वास**

स्थानीय टीकाराम क्षेत्रीका आँखामा अझै असोज ११ गते बिहानको दृश्य घुमिरहेको छ । बाढी बढ्न थालेपछि साँझ सुरक्षित रूपमा घर छाड्नुभएको थियो । बिहान फर्किंदा घर भेटिएन । “उठ्दै गरेको फर्सेलाई बाढीले लडाइदियो”, उहाँले भन्नुभयो, “साहस गरेर फेरि उठ्नेछौँ । तर सरकारको साथ चाहिन्छ ।”

फर्से टोल विकास संस्थाका अध्यक्ष रामु सुवेदीलाई पनि आफ्नो गाउँ फेरि उठाउन सकिन्छ भन्ने विश्वास छ । तर त्यसका लागि सुरक्षित बसोबास र नदी नियन्त्रण आवश्यक रहेको उहाँको भनाइ छ ।

“यही ठाउँमा पक्की पर्खाल बनाएर नदी नियन्त्रण गरिदिए पेसा–व्यवसाय गरेर पुरानै अवस्थामा फर्किन सकिन्छ”, उहाँले भन्नुभयो, “हाम्रो बस्तीलाई बस्नयोग्य बनाइदिनुपर्यो । घर र घडेरी बगेकालाई बसोबासको व्यवस्था गर्नुपर्छ ।” ***(रासस)***

# जङ्गली मौरी संरक्षणसँगै व्यावसायिक मौरीपालन प्रवर्द्धनको खाँचो

✍ **सनद अधिकारी**

नेपालमा मौरीपालन व्यवसायको प्रचुर सम्भावना रहे पनि जलवायु परिवर्तन, चरन क्षेत्रको अभाव, रोग तथा परजीवीको सङ्क्रमण, साना खपटेको प्रकोप र अव्यवस्थित मह सिकारका कारण मौरीपालन तथा जङ्गली मौरी संरक्षण दुवै चुनौतीपूर्ण बन्दै गएको छ ।

मौरीपालन विकास केन्द्र, भण्डाराका कार्यालय प्रमुख सुजन अमगाईंका अनुसार मौरीपालक किसानले पछिल्लो समय मौसममा आएको परिवर्तनसँगै चरनको अभाव, रोग तथा परजीवीको सङ्क्रमण र साना खपटेको प्रकोपजस्ता समस्या एकैसाथ सामना गर्नुपरेको छ ।

वरिष्ठ मह क्षेत्र विकास विज्ञ सुरेन्द्रराज जोशीका अनुसार आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्कअनुसार नेपालभर दुई लाख ७६ हजार मौरीका घारबाट चार हजार २७८ टन मह उत्पादन भएको छ । यसअनुसार प्रतिघार औसत मह उत्पादन १५ दशमलव ५ किलोग्राम र प्रतिव्यक्ति वार्षिक मह उपलब्धता करिब १४३ ग्राम मात्र रहेको छ । उहाँका अनुसार नेपालमा उत्पादन हुने कुल महमध्ये एपिस मेलिफेराले ६५ प्रतिशत, एपिस सेरेनाले २८ प्रतिशत र जङ्गली मौरी (खागो, भीर तथा पुत्का मौरी) ले सात प्रतिशत योगदान गरेका छन् ।

देशको वनजङ्गल, खेती प्रणाली र प्राकृतिक चरन क्षमतालाई हेर्दा नेपालमा १० लाखसम्म मौरीका गोला पाल्न सकिने क्षमता रहेको विज्ञ जोशीले बताउनुभयो । उचित व्यवस्थापन र प्रवर्द्धन गर्नसके वार्षिक २० हजार मेट्रिक टनभन्दा बढी मह उत्पादन गर्न सकिने उहाँको भनाइ छ । हाल देशभर करिब १६ हजार ५०० घरपरिवार प्रत्यक्ष रूपमा मौरीपालनमा आबद्ध छन् ।

वाग्मती प्रदेशका कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयका प्रदेश सचिव सुधीर श्रेष्ठले महको प्याकेजिङ पारिवारिक तथा उपभोक्तामैत्री हुनुपर्नेमा जोड दिनुभयो । उहाँले महको गुणस्तर कायम गर्दै आकर्षक प्याकेजिङ र प्रभावकारी प्रवर्द्धनमा ध्यान दिनुपर्ने बताउनुभयो । चिउरीबाट ठुलो परिमाणमा मह उत्पादन गर्न सकिने भएकाले चिउरी प्रवर्द्धनमा जोड दिनुपर्ने उहाँको भनाइ थियो । सचिव श्रेष्ठले चिउरीलगायत वनस्पतिबाट ठुलो परिमाणमा मह उत्पादन गर्न सकिने भएकाले चिउरीलगायत वनस्पति चरन क्षेत्रमा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेशले महको प्याकेजिङ र प्रवर्द्धनमा जोड दिइरहेको उल्लेख गर्दै उहाँले किसानले सोहीअनुसारका योजना ल्याएमा प्रदेश सरकारले मह उत्पादनमा संलग्न किसानलाई आवश्यक सहयोग गर्ने बताउनुभयो ।

व्यावसायिक मौरीपालनको विस्तारसँगै नेपालका स्थानीय तथा जङ्गलीमौरी संरक्षणलाई समेत प्राथमिकता दिनुपर्ने अवस्था रहेको अमगाईंले बताउनुभयो । नेपालमा पाइने खागो मौरी




(एपिस डोर्साटा), भीर मौरी (एपिस लेबरियोसा) तथा पुत्का मौरीको प्राकृतिक बासस्थानमा आएको परिवर्तन र अवैज्ञानिक रूपमा गरिने मह सिकारका कारण तिनको सङ्ख्यामा कमी आउन थालेको सचिव श्रेष्ठले उहाँको भनाइ छ ।

खागो मौरी र भीर मौरी विशेषगरी ठुला रूख तथा भीरपहरामा गोला बनाएर बस्ने गर्दछन् । भीर मौरी उच्च पहाडी तथा हिमाली क्षेत्रमा पाइन्छ भने खागो मौरी तराई तथा मध्यपहाडी क्षेत्रमा पाइन्छ । मौरीपालन विकास केन्द्रले भीर मौरीको महत्त्व, संरक्षण र मह सङ्कलनका विषयमा विभिन्न समयमा सचेतना तथा जनचेतनामूलक कार्यक्रम गर्दै आएको अमगाईंले बताउनुभयो ।

जथाभावी मह सिकार गर्दा मौरीको गोला तथा चाका नष्ट हुने भएकाले जङ्गली मौरीको प्राकृतिक बासस्थान र चरन क्षेत्र संरक्षण गर्नुपर्ने अमगाईंले बताउनुभयो । मौरीको चरनका लागि वनजङ्गल तथा कृषि क्षेत्रमा उपलब्ध फूल, पुष्परस र परागकणको महत्त्वपूर्ण भूमिका रहने भएकाले वर्षभरि चरन उपलब्ध हुनेगरी वनस्पति व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ ।

जलवायु परिवर्तनका कारण बेमौसमी वर्षा तथा अन्य वातावरणीय प्रतिकूलताले मौरीको चरन प्रभावित भएको अमगाईंले बताउनुभयो । पहाडी क्षेत्रमा असामान्य वर्षाका कारण चरन क्षेत्र नष्ट हुँदा रानी मौरी उत्पादन तथा समागममा समस्या देखिएको उहाँले बताउनुभयो । यही वर्ष चितवनमा अत्यधिक वर्षा र बाढीका कारण करिब एक हजार मौरीका घारगोला डुबानमा परी क्षति भएको उहाँले जानकारी दिनुभयो ।

व्यावसायिक मौरीपालनमा मौरीको घारमा लाग्ने साना खपटे पनि पछिल्लो समय थप चुनौतीका रूपमा देखिएको अमगाईंले बताउनुभयो । गत वर्षदेखि किसानले यो किरा देखिएको जानकारी गराउँदै आएकामा यस वर्ष यसको प्रकोप व्यापक बनेको र चितवनलगायत देशका अधिकांश जिल्लामा देखिएको उहाँले बताउनुभयो । प्रारम्भिक अनुमानअनुसार यस किराले करिब तीनदेखि पाँच प्रतिशत घारमा क्षति पुर्याएको छ ।

त्यस्तै, एपिस सेरेना मौरीमा विभिन्न भाइरस, जीवाणु तथा परजीवीको सङ्क्रमणसमेत देखिएको छ । पाँच वटा मौरीका नमुनामा गरिएको आरटी–पिसीआर परीक्षण तथा भाइरोम विश्लेषणमा पाँचवटै नमुनामा ब्ल्याक क्विन सेल भाइरस, चार वटामा काश्मिर बी भाइरस र स्याकब्रुड भाइरस, तीनवटामा डिफर्म्ड विङ भाइरस तथा एउटामा एक्युट बी प्यारालाइसिस भाइरस भेटिएको छ । त्यस्तै, दुई वटा एपिस सेरेना नमुनामा युरोपियन फलब्रुड र दुई वटामा नोसेमा परजीवीको सङ्क्रमण देखिएको छ ।

चरनको अभावका कारण मौरीलाई भोकमरीबाट जोगाउन कृत्रिम आहारको व्यवस्था गर्नुपर्ने हुन्छ । मौरीलाई सक्रिय राख्न चिनीको चास्नी तथा परागकणजस्ता कृत्रिम आहार दिनुपर्ने र सङ्कटको समयमा सेरेना मौरीको घारबाट मह ननिकाल्न कृषकलाई सुझाव दिइएको अमगाईंले बताउनुभयो ।

मौरीपालन विकासका लागि चरन क्षेत्रको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको विज्ञ जोशीले बताउनुभयो । सर्वेक्षणअनुसार ५६ दशमलव ५ प्रतिशत मौरीपालकले चरन क्षेत्रको अभावलाई प्रमुख समस्याका रूपमा लिएका छन् । मौरीपालकको तथ्याङ्क तथा दर्ता प्रणालीको अभाव र चरन क्षेत्रको भारवहन क्षमताको वैज्ञानिक अध्ययन नहुनु पनि समस्या रहेको उहाँको भनाइ छ ।

मौरी, मानव स्वास्थ्य, पारिस्थितिक प्रणाली र कृषि एकअर्कामा अन्तरनिर्भर रहेकाले ‘एक स्वास्थ्य दृष्टिकोण’ अपनाएर बहुसरोकारवाला निकायबिच समन्वय गर्नुपर्नेमा जोशीले जोड दिनुभयो । उहाँका अनुसार व्यावसायिक मौरीपालन विस्तारसँगै जङ्गली मौरीको प्राकृतिक बासस्थान र चरन क्षेत्र संरक्षणलाई समान प्राथमिकता दिनसकेमा मह उत्पादन बढाउनुका साथै कृषि उत्पादन र जैविक विविधता संरक्षणमा समेत योगदान पुग्नेछ । ***(रासस)***

# सहकारी मूल्य मान्यता, पारदर्शिता र इमानदारिता नै संस्थाको मार्ग निर्देशक

भक्तपुर, १७ असोज । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३२ औं वार्षिक साधारणसभा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाको सभापतित्वमा महेश्वरी बैङ्क्वेट, थुसाँचामा सम्पन्न भयो ।

सभामा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले एकका लागि सबै, सबैका लागि एक भन्ने मूल नारालाई आत्मसात् गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिमा संस्था निरन्तर क्रियाशील रहेको उहाँले बताउनुभयो ।

उहाँले सदस्यहरूलाई आर्थिक रूपमा सक्षम र आत्मनिर्भर बनाउन संस्थाले सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको जानकारी गराई यसले स्वरोजगारीका अवसरहरू सिर्जना गर्न मद्दत पुऱ्याएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई प्राथमिकता दिइने बताउनुभयो ।

सहकारी मूल्य, मान्यता, आर्थिक पारदर्शिता र इमानदारीलाई मुख्य मार्ग निर्देशकको रूपमा लिइएको स्पष्ट पार्दै उहाँले सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशनको पालना, कार्यविधि तथा नीति संशोधन र सदस्यहरूलाई जोखिमको आधारमा वर्गीकरण गरी सम्बन्धित निकायमा आवश्यक विवरण तथा प्रतिवेदन पेस गरिएको जानकारी दिनुभयो ।

सभामा संस्थाका उपाध्यक्ष विष्णुराम दुमरूले संस्था स्थापनाको ३१ वर्ष पार गरी एक पुस्ता पूरा गरेको बताउँदै हाल संस्थामा १७५१५ जना सदस्यहरू आबद्ध रहेको जानकारी दिनुभयो ।

उहाँले सहकारी क्षेत्रमा नियमनकारी निकायहरूबाट आइरहने निर्देशनहरू र विद्यमान चुनौतीहरूबारे चर्चा गर्दै भक्तपुर नगरपालिका क्षेत्रभित्रका सहकारीहरूले सदस्यहरूको हित, उत्पादनमूलक कार्य, र आत्मनिर्भरताका लागि रचनात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

सभामा संस्थाका सचिव विष्णुप्रसाद दुमरुले आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै आगामी आ.व. २०८३/०८४ का लागि प्रस्तावित कार्यक्रमहरूबारे चर्चा गर्नुभयो ।

उहाँले सहकारी क्षेत्रले भोग्नुपरेका विविध चुनौतीहरू, नीतिगत कडाइ तथा नियमनकारी निकायहरूबाट जारी निर्देशनबारे चर्चा गर्दै देशमा आएको भूकम्प, कोभिड महामारी, सिंहदरबार आगलागी, भदौ १० को हिमपहिरो तथा रसुवाको भोटेकोसी नदीमा आएको पहिरो र लेदोसहितको बाढीजस्ता प्राकृतिक तथा अन्य विपद्का बिचमा पनि संस्थाले आफ्ना सदस्यहरूलाई बिनासङ्कोच निरन्तर सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

सभामा संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले सहकारी क्षेत्रमा देखा परेका वर्तमान चुनौतीहरूबारे चर्चा गर्दै सहकारी नीति नियम पालना गर्दागर्दै पनि सञ्चालक समिति र कर्मचारीहरूको बदनियत तथा संलग्नताका कारण धेरै सहकारीहरूमा विचलन आएको बताउनुभयो ।

उहाँले दलीय भागबन्डा, नियमनकारी निकायको अध्ययन अनुसन्धानको कमी र बजारको होडबाजीले गर्दा सहकारीहरू आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक स्तर उन्नति गर्नबाट चुकिरहेको विचार व्यक्त गर्नुभयो ।

कोषाध्यक्ष गोर्खालीद्वारा आ.व. २०८२/०८३ को स्रोत तथा उपयोगतर्फ रु. ३,३४,२७,०९,५५३।- (अक्षरेपि तीन अर्ब चौतीस करोड सत्ताइस लाख नौ हजार पाँच सय त्रिपन्न रुपैयाँ) र आय तथा व्ययतर्फ रु. २२,२३,२१,२४५।- (अक्षरेपि बाइस करोड तेइस लाख एकाइस हजार दुई सय पैतालीस रुपैयाँ) को यथार्थ आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८३/०८४ को स्रोत तथा उपयोगतर्फ रु. ३,५५,००,००,०००।- (अक्षरेपी तीन अर्ब पचपन्न करोड रुपैयाँ) र आय तथा व्ययतर्फ रु. २०,५४,१६,०००।- (अक्षेरेपी बीस करोड चवन्न लाख सोह्र हजार रुपैयाँ) को अनुमानित बजेट तथा कार्यक्रम पारित गरियो ।

सभामा संस्थाका लेखा सुपरिवेक्षण समिति संयोजक रामप्रसाद लाखाजुले २०५१ सालमा स्थापना भई उत्कृष्ट सेवा तथा संस्थागत सुशासनमार्फत स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सम्मान हासिल गर्न सफल यस संस्थाको वित्तीय पारदर्शिता र सुशासन कायम राख्न प्रतिवेदन पेस गर्नुपर्ने जानकारी दिनुभयो ।

सभापश्चत् संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले हालको सञ्चालक समिति विघटन गरी निर्वाचनको कार्यक्रम अघि बढाउन निर्वाचन समितिका सदस्य मीनबहादुर बाटालाई जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो ।

निर्वाचन समितिका संयोजक कृष्णगोविन्द खाइजुले निर्वाचनको अन्तिम नामावली घोषण गर्नुका साथै ४ वर्षे कार्यकालका लागि नवनिर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका सदस्यहरूलाई प्रमाण-पत्र वितरण र शपथग्रहण गराउनुभएको थियो ।

निर्वाचन समितिका सदस्य जीतेन्द्र मुनंकर्मीले निर्वाचन प्रक्रियाबारे सङ्क्षिप्त जानकारी दिनुभएको थियो । सभाले विष्णुराम दुमरुको अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समितिको चयन गरेको छ । निर्वाचन कार्यक्रम निर्वाचन समितिका सदस्य मीनबहादुर बाटाले सञ्चालन गर्नुभएको थियो ।




संविधान दिवस भव्यरुपमा मनाऔं

- ❖ संविधान देशको मुल कानून हो,
- ❖ नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- ❖ नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- ❖ संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- ❖ संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- ❖ विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक धन्यवाद




यस संस्थाको ३२ औं वार्षिक साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने निर्वाचन समिति र संस्थाका सम्पूर्ण सदस्य एवं शुभ चिन्तकहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर नगरपालिका-७, चोर्चा, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा